म.नि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १८३ सोमबार १ फागुन २०७९ ने. सं. ११४३ सिल्लाथ्व 13 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

नेविसंघ मकवानपुरमा नयाँ नेतृत्व

हेटौंडा, २९ माघ/नेपाली कांग्रेसनिकट नेपाल विद्यार्थी संघ (नेविसंघ) मकवानपुरको नयाँ नेतृत्व चयन भएको छ । नेविसंघ मकवानपुरको सभापतिमा सुवास सापकोटा चयन भएका हुन् । संघको उपसभापतिमा केशव भारती, आकाश भट्टराई, सन्तोष चौलागाई, शुसन रुम्बा चयन भएका छन् । यसैगरी, सचिवमा सुनिल भोम्जन र अशिष वास्तोला, सहसचिवमा सुमन अर्याल, लक्ष्मण खनाल र राजीव फ्याँल, कोषाध्यक्षमा दीपेन्द्र तिवारी चयन भए । समितिको सदस्यहरुमा युवराज विक, बुद्ध आमु नवराज तामाङ, सागर घिमिरे, मोहम्मद सकिल अहम्द, सुनिल कुशवाह, समीर जम्मकट्टेल, सम्झना थापा, वर्षाद घिमिरे, राजन प्रजा, अर्जुनबहादुर मगर, निकिता श्रेष्ठ, दिनेश ढकाल, भुवन घलान, विनोद लामा र टेकेन्द्र राउत रहेका छन् । जिल्ला भेलाले मिलन पुडासैनी, लक्ष्मीकान्त पौडेल(सुरेन्द्र), सन्तोष धिमाल र उमेशलाल स्याङ्तानलाई नेविसंघको केन्द्रीय प्रतिनिधिको रुपमा सिफारिस गरेको छ । संघका सभापति राजु खतिवडाको सभाध्यक्षता तथा नेपाली कांग्रेस मकवानपुरका प्रवक्ता अर्जुनप्रसाद चौलागाईको प्रमुख आतिथ्यतामा संघको भेला भएको थियो ।

व्यवस्थित उपमहानगरको खोजी

२८ वर्षपछि एकीकृत अटोभिलेजको शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ व्यवस्थित हेटौंडा उपमहानगरपालिकाको खोजी गर्दै बजारमा छरिएर रहेका अटो व्यवसायीहरुलाई एकीकृत गर्ने उद्देश्यले अटो भिलेज निर्माणको थालनी भएको छ ।

बागमती प्रदेशको मुकाम हेटौंडालाई व्यवस्थित बनाउन मेयर मिनाकुमारी लामाले तरकारी बजार पछि अटो भिलेज निर्माणमा हात हालेकी हुन् । यसअघि उपमहानगर पालिकाले बसपार्कको तरकारी बजारलाई १ नम्बर वडाको रास्ति खोला किरानमा स्थानान्तरण गरेर व्यवस्थित गरेको थियो । अब बजार क्षेत्रमा छरिएर रहेका वर्कशपहरुलाई व्यवस्थित गर्न अटो भिलेज निर्माण सुरु गर्न लागिएको हो । हेटौंडा उपमहानगरलाई सफा, सुन्दर र पर्यटकीय नगरी बनाउने अवधारणा अनुरुप एकीकृत अटो भिलेजको निर्माण थालिएको हो । हेटौंडा बजार क्षेत्रमा रहेका सबै साना तथा ठूला अटो व्यवसाय सवारी साधन मर्मत केन्द्रदेखि फलामका काम गर्ने व्यवसायलाई एकै ठाउँमा व्यवस्थित गर्न खोजिएको हो ।

बजार क्षेत्रम छरिएर रहेका सवारी मर्मत केन्द्रका कारण नगरको सौन्दर्यतामा समस्या देखिएको आवाज विगतदेखि नै चलेको थियो । बजारको सौन्दर्यमा सुधार गर्नका लागि हेटौंडा-११ को राप्ती नदी उकास जमिन करिब ३१ बिगाहा क्षेत्रफलमा अटोभिलेज निर्माणको तयारी उपमहानगरपालिकाले सुरु गरेको हो । जसका लागि हेटौंडा उपमहानगरकी प्रमुख लामाले आइतबार शिलान्यास गरेकी छन् ।

बागमती सरकारका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको कार्यकालमा निर्माण गरिएको डीपीआरको आधारमा अटोभिलेज निर्माण गरिने उपमहानगरले जानकारी दिएको छ । बजार क्षेत्रका वर्कशपहरुलाई एकीकृत रुपमा व्यवस्थापन गर्ने योजना भने पुरानै हो ।

करिब २८ वर्ष अगाडि नै एकीकृत अटोभिलेज निर्माणको पहल थालिए पनि मेयर लामाले शिलान्यास गरिन् । अटो मेकानिक्स तथा इञ्जिनियरिङ एसोसिएसनले २०५३ सालदेखि अटोभिलेजको आवाज उठाएको थियो । २०५३ असोज ८ गते जग्गा उपलब्ध गराइएको थियो । २०५३ असोज ८ गते जग्गा उपलब्ध गराइदिन तत्कालीन नगरपालिकालाई आग्रह गरिएको अटो मेकानिक्स इञ्जिनियरिङ एसोसिएसनका अध्यक्ष आनन्दराम पौडेलले स्मरण गरे ।

तत्कालीन समयमा नगरपालिकाले जम्मा चार कठ्ठा जग्गा उपलब्ध गराउन भनेपछि नारायणी यातायात व्यवसायी संघले उपलब्ध गराएको जग्गाको क्षेत्रफल कम भएकाले प्रयोगमा ल्याउन नसकिएको अध्यक्ष पौडेलल बताए । २०६२ असोज १९ गते तत्कालीन चुरियामाई गाविसलाई गरिएको आग्रहबमोजिम २० बिगाह जग्गा उपलब्ध गराउने सिफारिससहित जिल्ला विकास समितिलाई २०६४ पुस १६ गते सिफारिस गरिएको थियो । तर, आधिकारिक निकाय जिल्ला प्रशासन कार्यालयले बेवास्ता गर्दा त्यही बेलादेखि अटोभिलेजको अवधारणा साकार हुन सकेको थिएन ।

प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेल हेटौंडा नगर प्रमुख रहँदा बनाइएको योजना उनी मुख्यमन्त्री भएर रकम विनियोजन गरेपछि अटोभिलेजले पूर्णता पाउन सकेको अध्यक्ष पौडेलले स्मरण गरे । 'यसअघि रातोमाटेमा पनि पूर्वाधार तयारीको लागि पहल गरेका थियौं । तर, अवरोध भएपछि हामी व्याक भएका हौं । तर, हामी निरन्तर खटेकै कारण र मुख्यमन्त्री पौडेलकै कारण शिलान्यास गर्न पाएका छौं', अध्यक्ष पौडेलले भने ।

बागमती प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयले गतवर्ष ५ करोड रुपैयाँ बजेटमा तटबन्ध गरेपछि अटो भिलेजलाई आवश्यक जग्गा निस्क्रिएको थियो । शिलान्यास गरिएको क्षेत्रको जग्गा फिलिङ गर्नका लागि उपहानगरपालिकाले पहिलो चरणमा १४ लाख रुपैयाँ विनियोजन गरेको उपमहानगरका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए । उपमहानगरले विनियोजन गरेको रकमबाट पहिलो चरणमा जमिन समस्याउने सहितको काम थालिएको हो ।

अटोभिजेजको शिलान्यास गर्दै मेयर लामाले एकीकृत अटोभिलेज सञ्चालनका लागि उपमहानगर सहयोग र समन्वय गर्न तयार रहेको बताइन् । एकीकृत अटो भिलेजका नाममा सञ्चालन हुने स्थानमा व्यवसायीलाई आफूले चाहेको क्षेत्रफलको जग्गा लिजमा उपमहानगरले उपलब्ध गराउने उनले बताइन् । व्यवसायीले आफूलाई चाहेको डिजाइनको अस्थायी स्वरुपको टहरा निर्माण गरेर काम गर्न सकिने नगर प्रमुख लामाको भनाइ थियो । अटो भिलेजमा चार्जिङ स्टेशन, थ्रि-ब्हीलर, फोर-ब्हीलर सवारी मर्मत केन्द्र, खेल मैदान, स्वास्थ्य चौकी, हेवी सवारी मर्मत, हेवी इम्पुपमेन्ट मर्मत, पार्किङ र डम्पिङ साइड रहने अटो मोबाइल इञ्जिनियरिङ एसोसिएसनका अध्यक्ष पौडेलले बताए ।

२०५४ सालमा बनेको योजना साकार भएपछि बर्कशप व्यवसायी खुशी देखिएको व्यवसायी शम्भु नकर्मीले बताए । शिलान्यास भएको स्थलमा २ सय ५० अटो व्यवसायीले अपनत्व लिने क्षेत्रमा सबै प्रकारका इञ्जिनियरिङ वर्कशपका काम हुने एसोसिएसनले जनाएको छ । अटोभिलेज निर्माणपछि बजार क्षेत्रका तीनपाइ सवारीसाधनको वर्कसप सोही क्षेत्रमा स्थापन पहल गरिने बताइएको छ ।

निर्माण व्यवसायी संघ अध्यक्षमा कँडेल निर्वाचित

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ निर्माण व्यावसायी संघ मकवानपुरको २३ औं साधारणसभा तथा ११ औं अधिवेशनबाट अध्यक्षमा बालगोपाल कँडेल निर्वाचित भएका छन् ।

आइतबार साँझ अबेर आएको मत परिणामअनुसार कँडेलले प्रतिद्वन्द्वी निवर्तमान अध्यक्षसमेत रहेका श्याम सुन्दर ढकाललाई पराजित गरेका हुन् । कँडेलले २ सय १६ मत ल्याउँदा ढकालले १ सय ७० मतमात्रै ल्याए ।

संघको प्रथम उपाध्यक्ष, महासचिव र कोषाध्यक्ष पदबाहेक अध्यक्ष, द्वितीय र तृतीय उपाध्यक्ष, नीतिगत र आन्तरिक तर्फका दुई उपमहासचिव, सहकोषाध्यक्ष, खुला सदस्य र महिला सदस्यमा निर्वाचन भएको थियो । शनिबार प्रथम उपाध्यक्षमा सागर कटुवाल, महासचिवमा राजेन्द्रप्रसाद चौलागाई र कोषाध्यक्षमा अनल श्रेष्ठ निर्विरोध निर्वाचित भएका थिए । यी तीन पदमा थप उम्मेदवारी नपरेपछि निर्वाचन समितिले उनीहरुलाई शनिबार नै निर्विरोध गरेको थियो ।

निर्वाचनबाट संघको द्वितीय उपाध्यक्षमा भवनश्च अधिकारी विजयी भए । अधिकारीले २ सय ८ मत ल्याउँदा बुद्धिराम डिम्डुङले १ सय ६१ मत पाएको मतदान अधिकृत अधिवक्ता सुजन तिमल्सिनाले जानकारी दिए । तृतीय उपाध्यक्षमा भीमसेन श्रेष्ठ निर्वाचित भए । २ सय ६१ मत ल्याएका श्रेष्ठविरुद्ध उठेका भोजबहादुर बुढाथोकी १ सय ४१ मतमै सीमित रहे । उपमहासचिव नीतिगततर्फ दिनेश पनेरु र नवराज पाठकबीच प्रतिस्पर्धा भएकोमा पनेरुले १ सय ९० र पाठकले १ सय ७१ ल्याए ।

उपमहासचिव आन्तरिक तर्फ १ सय ८५ मतसहित विजयी सुरज बर्तौला र पराजित भएका निर्मल देवकोटाले १ सय ८० मतमात्रै पाएको मतदान अधिकृत तिमल्सिनाले जानकारी दिएका छन् । सहकोषाध्यक्षमा प्रकाश लामाले हरेराम पुडासैनीलाई हराए । लामाले २ सय १ मत ल्याउँदा पुडासैनीले १ सय ६७ मतमात्रै पाएका थिए । पदाधिकारीमा कँडेल प्यानलबाट द्वितीयमा अधिकारी, उपमहासचिव नीतिगततर्फ पनेरु, उपमहासचिव आन्तरिकतर्फका बर्तौला निर्वाचित भए । तृतीय उपाध्यक्षमा जितेका श्रेष्ठ र सहकोषाध्यक्ष लामा अध्यक्षमा पराजित ढकाल प्यानलका हुन् ।

निर्वाचनबाट संघको सदस्यहरुमा चेतबहादुर थापामगर, नविन जोशी, इन्द्रप्रसाद रिजाल, सुविन भट्टराई, अच्युत सुवेदी, भरत सापकोटा, सूर्यबहादुर रोकका, लक्ष्मण सापकोटा निर्वाचित भए । महिला सदस्यमा उमाकुमारी पौडेल र पुनम तामाङको प्रतिस्पर्धा भएकोमा पौडेल विजयी भएको मतदान अधिकृत तिमल्सिनाले जानकारी दिए । निर्माण व्यवसायी संघको कार्यसमिति १८ सदस्यीय हुनेछ ।

राक्सिराङमा सडेको अवस्थामा महिलाको शव फेला

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ घर बाट हिँडेपछि बेपत्ता भएको करिब २० दिनपछि जिल्लाको विकट राक्सिराङ गाउँपालिकाकी एक महिलाको शव सडेको अवस्थामा फेला परेको छ ।

मकवानपुरमा सडेको अवस्थामा महिलाको शव शनिबार फेला परेको मकवानपुर प्रहरीले जनाएको छ । जिल्लाको राक्सिराङ गाउँपालिका-८ भाइडुल बस्ने ३७ वर्षीया फूलमाया प्रजाको शव स्वमा भुण्डिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीका अनुसार उनी तीन सातादेखि बेपत्ता थिइन् । उनी यही माघ ५ गते विहीबार जंगलमा घाँस काटन भनी घरबाट निस्किएकी थिइन् ।

घर नफर्किएपछि आफन्त र स्थानीयले खोजतलास गर्ने क्रममा माग २८ गते शनिबार आफ्नै घर नजिकैको जन-कल्याण सामुदायिक वनस्थित स्वको हांगामा झुण्डिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार शव सडेगलेको अवस्थामा फेला परेको थियो । शव पोष्टमार्टमको लगि अस्पताल ल्याइएको र घटनाको बारे मा अनुसन्धान भइहरेको प्रहरीले जनाएको छ ।

भीमफेदीका पूर्व वडाध्यक्ष पाण्डेको निधन

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ भीमफेदी गाउँपालिका वडा नम्बर ४ का पूर्व वडा अध्यक्ष क्षेत्रबहादुर पाण्डेको निधन भएको छ ।

साविक निबुवाटार गाँउ पञ्चायतका प्रधानपञ्चसमेत रहेका पाण्डेको आइतबार निधन भएको उनको परिवारले जनाएको छ । उनी दुई कार्यकाल निबुवाटार गाबिस अध्यक्षसमेत भएका थिए । उनै पाण्डेका छोरा सागर पाण्डे हाल ४ नम्बर वडाका अध्यक्ष छन् । वर्तमान वडाध्यक्ष तथा राष्ट्रिय युवा संघ नेपालका प्रदेश सदस्य सागर पाण्डेलाई पितृ शोक परेको हो ।

धमिले कृषि सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ मकवानपुरगढी गाउँपालिका-३ देविडाँडास्थित धमिले कृषि सहकारी संस्थाको साधारणसभा सम्पन्न भएको छ । साधारणसभाको अवसरमा सहकारीको नवनिर्मित भवन उद्घाटन गरिएको छ ।

मकवानपुरगढी-३ का वडाध्यक्ष भागवत घिमिरेले सहकारी भवनको उद्घाटन गरेका हुन् । साधारणसभामा सहकारीका अध्यक्ष नवराज सञ्जेलले संस्थाको प्रगति प्रतिवेदन, लेखा समिति संयोजक टिकादत्त घिमिरेले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

सहकारीले संस्थाको भवन निर्माणमा १० धुर घडेरी नि:शुल्क उपलब्ध गराउने संस्थाका सल्लाहकार गोविन्दप्रसाद तिमल्सिना र भवन निर्माणमा महत्वपूर्ण भूमिका खेलेको भन्दै वडाध्यक्ष भागवत घिमिरेलाई सम्मान गरिएको थियो । सहकारीले आर्थिक वर्ष २०७८/०८९ मा ३९ लाख ६ हजार २ सय २९ रुपैयाँको कारोबार गरेको छ ।

सहकारीमा शेयर पूँजी ९४ हजार ४ सय र बचत निक्षेप २५ लाख ७० हजार ३ सय ५ रुपैया रहेको सहकारीका सचिव राजेश देवकोटाले जानकारी दिए । २०६८ सालमा स्थापना भएको सहकारी संस्थामा हाल १ सय ६४ जना पुरुष र ६६ जना महिला गरी २ सय ३० जना शेयर सदस्य छन् ।

कार्यक्रममा वडा नम्बर ३ का वडा सदस्य बिदुर हुमागाई, संगम टोल विकास संस्थाका अध्यक्ष नरेन्द्र लम्साल, मनकामना दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष अर्जुनप्रसाद दाहाल, रानी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष विष्णुप्रसाद न्यौपानेलगायतको आतिथ्यता थियो ।

हेटौंडा उपमहानगरको ५४ औं स्थापना दिवस आज

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ हेटौंडा उपमहानगरपालिकाले आफ्नो ५४ औं स्थापना दिवस आज सोमबार मनाउँदैछ । २०२६ साल फागुन १ गते स्थापना भएको तत्कालीन नगर पञ्चायतको बैठकको अधिकारीकतालाई मान्दै उपमहानगरले स्थापना दिवस मनाउन लागेको हो ।

स्थापना दिवसको पूर्व सन्ध्यामा अतिरिक्त कियाकलाप सञ्चालनसँगै आज उपमहानगरले विभिन्न सम्मान तथा पुरस्कार वितरण गर्ने बताएको छ । हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत शिवराज चौलागाईका अनुसार ४ पूर्व नगर प्रमुखहरु, २ उपप्रमुखसहित विभिन्न विधाका व्यक्तित्वहरुलाई सम्मानको कार्यक्रम रहेको छ ।

उपमहानगरले विभिन्न

विधामा ख्याति कमाएका १३ जना, तत्कालीन हेटौंडा नगरपञ्चायतको पहिलो माइन्युटमा हस्ताक्षर गर्ने ३ जना, हेटौंडा गाउँपञ्चायतका तत्कालीन प्रमुख, उपमहानगरका पूर्वकर्मचारीहरु ९ जना, कर्तव्यनिष्ट कर्मचारी ९ जना र २५ वर्षभन्दा बढि समय उपमहानगरमा काम गरिसकेका ३८ जना कर्मचारीलाई दीर्घसेवा पदकबाट सम्मान गरिने कार्यक्रम रहेको उपमहानगरका प्रवक्ता सविन न्यौपानेले बताए ।

स्थापना दिवस पारेर हेटौंडा नगरपञ्चायतका पहिलो नगर प्रमुख स्वर्गीय बासुदेव रिजालको संगम चौकमा रहेको अर्धकदको प्रतिमा उपमहानगरको प्राङ्गणमा स्थानान्तरण गरी अनावरण गरिने, नगर घण्ट (सिटि बेल) को स्थापना गर्ने, ५४ औं स्थापना दिवसको सन्दर्भमा उपमहानगरद्वारा प्रकाशित *हेटौंडा दर्पण* स्मारिकाको विमोचन र डिजिटल सूचना पाटी राख्ने कार्यक्रम रहेको प्रमुख कार्यकारी अधिकृत चौलागाईले जानकारी दिए । यस्तै, स्थापना दिवसको अवसर पारेर उपमहानगरको अतिरिक्त क्रियकलाप समितिले महिला तथा पुरुष फुटबल, भलिबल, डण्डीबियो, म्यूजिकल चियर र रक्तदान कार्यक्रम आयोजना गरेको थियो ।

आइतबार उपमहानगर प्राङ्गणमा आयोजित रक्तदान कार्यक्रममा ३१ जनाले रक्तदान गरेको समिति संयोजक सुनिल मोक्तानले जानकारी दिए । स्थापना दिवसको बागमती प्रदेशका प्रदेश प्रमुख यादव शर्माले उद्घाटन गर्ने कार्यक्रम रहेको उपमहानगरपालिकाले जानाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

रेडियोलाई अझै विश्वसनीय सञ्चारमाध्यम बनाउनुपर्छ

रेडियोले एउटा इतिहास बोकेको छ । सन् १८९४ मा इटालीका वैज्ञानिक जी मार्कोनीले रेडियोको आविष्कार गरेपछि आजसम्म रेडियो र यसका संरचनाहरूले धेरै प्रविधिमय आयाममा परिवर्तन ल्याइसकेको छ । एउटा अद्भूत आविष्कार जसले एउटालै बोलेको आवाज अथवा ध्वनि तारविहीन रूपमा अन्य ठाउँमा रेडियोको माध्यमबाट सुन्न सकिन्थ्यो, सञ्चारको माध्यममा यो एउटा क्रान्ति थियो । सन् २०११ मा युनेस्कोले विश्व समुदायका लागि निरन्तर रूपमा प्रभावकारी सञ्चारको माध्यम बनेर सस्तो तर सशक्त ढङ्गले दिएको योगदानस्वरूप यससँग जुटेका सम्पूर्ण रेडियोकर्मी र श्रोताहरूको सम्मानमा आज १३ फेब्रुअरीको विशेष दिनलाई विश्वभर विश्व रेडियो दिवसको रूपमा मनाउने घोषणा गरेको हो । यसकै निरन्तरता स्वरूप आज १२ औं विश्व रेडियो दिवस विश्वमा रेडियो, रेडियोकर्मी र यससँग जुटेका अर्बौं श्रोताका लागि विशेष बनेको छ ।

रेडियो र विश्वास भन्ने नाराका साथ आज विश्वभरि विश्व रेडियो दिवस मनाइँदैछ । रेडियोको विश्वसनीयता र सरलतालाई शान्तिसँग जोड्दै यसवर्ष सन् २०२३ को विश्व रेडियो दिवसले 'रेडियो र शान्ति' भन्ने नारा अँगालेको छ । विश्व सञ्चार जगतमा रेडियोले दिएको योगदान र त्यसले समाजमा ल्याएको परिवर्तनलाई सम्मानस्वरूप संसारभरका रेडियोकर्मीहरूले विश्व रेडियो दिवसको रूपमा मनाउने गर्दछन् । मानव सभ्यताको विकास अनि परिवर्तित प्रजातान्त्रिक अभ्यासमा अघि बढ्दै गरेको संसारलाई जनमनमा प्रभावकारी सूचना प्रवाहमा रेडियोको महत्वपूर्ण योगदान छ । बढ्दो प्रविधिसँगै अन्य धेरै सञ्चारका साधनहरू थपिए तर, रेडियोको एकतमासको स्नेह हामी सबैलाई नै छ । भूकम्पको बेला रेडियोको भूमिका फेरि पनि नेपालमा उत्तिकै देखियो । वि.सं. २०७२ को महाभूकम्पमा अन्य सञ्चारका साधनहरूमा प्रतिकूलता आए पनि रेडियो नेपालमा आआफ्नो ठाउँबाट फोन गरेर या सन्देश टिपाएर समाचार दिने गर्दा धेरै हद्सम्म क्षतिको अनुमान र उद्दार कार्य सम्मले सही दिशा पायो । शर्ट वेव, मिडियम वेवहुँदै फ्रिक्वेन्सी मोड्यूलेशन अर्थात् एफएमसम्म आइपुगेको नेपाली रेडियोको हरेक स्वरूपमा अनेक पुस्तोहरूको अनुभव र याद लुकेको छ ।

नेपाली राजनैतिक परिवृत्त र आन्दोलनका श्रृखलाहरुमा पनि नेपाली रेडियोको भूमिका अतुलनीय छ । ७ सालको क्रान्तिमा रेडियो नेपालको भूमिका, ४६ साल, जनयुद्धका डोके रेडियोहरू मार्फत् पढिने छापामारका पत्रहरूदेखि एफएम र गीतका अनुरोधहरुले हरेक खालका स्रोतालाई आफूनजिक राखेको पाइन्छ । रेडियो एउटा यन्त्र या साधनमात्र नभई एउटा विश्वास पनि हो । यसवर्ष रेडियो र विश्वासको अवधारणा वरिपरि रहेर विश्व रेडियो दिवसको सन् २०२३ को संस्करण मनाँइदैछ । दिवस मनाएसंगै रेडियोलाई अझै नेपालको हरेक कुनामा सुन्न सकिने सञ्चार माध्यमको रुपमा विकास गर्न जरुरी छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

मक्वानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५९५०१
चिल्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७१९, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०४
परिवार नियोजन संघ:	५२०७४५९८४५०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२७१
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१२२०७४०१
बजबाराही रेडक्रस:	९८४३२०२९८४
सहकारी अस्पताल:	०४७-५२५८२७, ९८४५१९१९१४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाइ बाल अस्पताल	९८४५२९६४४५

आर्थिजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ फागुन २ गते मंगलबार १४ फेब्रुअरी २०२३ । नवमी फाल्गुण कृष्णपक्ष । सिल्लागा ११४३ ने.सं. । सूर्योदय ६:४४, सूर्यास्त ५:५३।

आजको राशिफल

मेष	: शैक्षिक कार्यमा सफलता	तुला	: सहयोगीहरूले राम्रो साथ दिनेछन्
वृष	: परिवारमा विवाद	वृश्चिक	: रोकिएका काम बन्नेछ
मिथुन	: खिन्तता रहने	धनु	: व्यापारमा विशेष फाइदा हुनेछ
कर्कट	: शैक्षिक कार्यमा सफलता	मकर	: शत्रु सजिलै हराउन सकिनेछ
सिंह	: आफन्तबाट सहयोग	कुम्भ	: अनावश्यक झंझट बृद्धि
कन्या	: शत्रुबाट बाधा सृजना	मीन	: आरोप प्रत्यारोपको सामना

अस्थिर प्रचण्ड, स्थिर को हो ?

सञ्जीव कार्की

इतिहासमा नै सबैभन्दा बढी ९९ प्रतिशत मत दिएर प्रचण्डलाई विश्वास गर्ने दलहरू प्रचण्डको बोली र अडानमा विश्वास नभएको तर्क गर्छन् । प्रचण्डको पक्षमा दस दल थिए भने विपक्षमा जम्मा दुई दलको दुई मत । विडम्बना हो या बाध्यता, जसले धोका दिए, पटक पटक बोली फेरे, विश्वासमा घात गरे भने दलहरू संसद्मा प्रचण्डलाई सर्वमान्य नेता मान्न भोट दिन्छन् । अनि आरोपको वर्षा गर्छन् र भन्छन् प्रचण्ड अस्थिर छन् ।

आजसम्म इतिहासको रेकर्ड बेक गरेर संसद्बाट पुष्पकमल दाहाललाई पृचण्ड बहुमतसहित सत्ता सुम्पन्छन् । हाम्रो राजनीतिको अस्थिर चरित्र नै स्थिर देखिएको छ । अस्थिरतले स्थिरको संज्ञा पाएको छ । पाँच वर्ष कुनै पनि सत्ता नटिकने अवस्था अस्थिरताको स्थिरता हो । नेपाली राजनीतिमा २०६३ असारमा प्रचण्ड शान्तिपूर्ण राजनीतिमा आएदेखि उनीमाथि अनेक लाञ्छना र आरोप लागेका छन् । सबैभन्दा सङ्गीन आरोप जनयुद्धमा १७ हजार मान्छेको हत्या र हिंसाको भन्दा पनि अस्थिर राजनीति गरे भन्ने आरोपले ढाकिएका छन् । प्रचण्ड आफ्नो अडानमा रहेनन् । बारम्बार सत्ताको दैलो उघार्न यता उता भौंतारिए । विश्वास योग्य नेता भएन् । बेलीमा विश्वास र दम हराए इत्यादि । प्रचण्ड अस्थिर छन् ,, विश्वासयोग्य रहेनन्, पीपलपाते बने, स्वार्थका लागि कसैको दैलोमा देउसी खेल्न बाँकी राखेनन् ।

यी दृश्य सत्यबारे मलाई भन्न केही छैन । मेरो एउटा मात्र तर्क छ । जसरी कुनै पुरुष नैतिकहीन र चरित्रहीन नभई नारी स्वयं चरित्रहीन र नैतिकहीन हुन्न । त्यसैगरी नेपाली राजनीतिमा प्रचण्ड र उनको पार्टी मात्र एक्लै अवसरवादी र सत्ता स्वार्थका लागि जे पनि गर्ने कसरी हुन् पुग्यो ? नेपाली राजनीतिमा प्रचण्ड र उनको पार्टी मात्र छैन र उनीहरूको मात्र एक छत्र शासन र सत्तामा पहुँच छैन । प्रचण्ड सत्तासीन हुँदा उनलाई काँधमा बोक्ने काम मुख्यत: नेपाली कांग्रेस र एमालेले पालैपालो गरेका छन् । उनलाई ग्रहण गरेका छन् । प्रचण्डको नेतृत्वमा सरकारमा सहभागी भएका छन् ।

यसर्थ प्रचण्ड मात्रै कसरी अस्थिर भए ? नेकपा एमालेले त झन् पटक पटकको धोकाको बाबजुद पनि प्रचण्डसँग नै पार्टी एकता गरेर आफ्नो दोस्रो वरीयताको अध्यक्ष मात्र बनाएन पाँच वर्षमा आधा आधा सत्ता सञ्चालनको करारनामा समेत गर्यो । सम्झौता कार्यान्वयनमा ओली उदासीन भएपछि प्रचण्ड नेकपा एमालेकै माधव झलनाथ सहित ओलीको विरुद्धमा उत्रिए । नेकपा माओवादी नेकपाबाट अदालतको फैसलाको कारण छुट्टियो भने अन्तत: माधव, झलनाथ समेतले आफ्नै छुट्टै पार्टी गठन गरे । तथापि अस्थिर हुनुको दोष प्रचण्डकै टाउकोमा मात्र किन ?

नेकपा एमाले र कांग्रेस प्रचण्ड जत्तिकै अस्थिरताको कारण र परिणाम हुन् । प्रचण्ड अस्थिर भए, अवसरवादी भए भनियो तर उनलाई यो मैदान उपलब्ध गराउने र अस्थिर राजनीति खेल्न दिने काम कसले गर्यो ? प्रचण्डको अस्थिर राजनीतिलाई बन्दोबस्तीकरण गरिदिने सामर्थ्य नेकपा एमाले र कांग्रेसलगायत दलसँग थिएन र ? कांग्रेस एमाले मिलेर प्रचण्डको अस्थिर राजनीतिको दोहोलो काढ्न नसक्नुको दोष पनि प्रचण्डकै टाउकोमा राखिदिने कि ? देउवा, माधव, झलनाथ, केपीलगायतले लिने ?

नेपाली राजनीतिमा प्रचण्ड निर्विकल्प विकल्प हुन् भने यो आरोप शतप्रतिशत सही छ अन्यथा अरू दलको पनि अस्तित्व अरू नेताको पनि स्वत्व बाँकी छ भने अस्थिर राजनीतिको भारी प्रचण्डको हकमा मात्रै थोपरिदिनु राजनीतिक बेइमानी हो । अस्थिर भनेर ओखलमा प्रचण्डको टाउको मात्रै राखिदिनु भयङ्कर धोखाबाजी हो । अस्थिरताका कारक र तत्व अन्य दल र नेता पनि हुन् । प्रचण्डलाई मात्रै अन्याय नगरौं । सधैं फोहोर पार्ने भिंगा भन्काउने अनि मौरी नबनेको दोष प्रचण्डको भागमा मात्र राखिदिने कुरा मिल्दैन । प्रचण्ड अस्थिर छन् । यसमा विमति छैन तर प्रचण्डलाई यसरी जहाँ र जहिल्यै अस्थिर राजनीतिको खेल खेल्न दिएर, धमिलो पानीमा माछा मार्न उक्साउने, पानी धमिलो बनाइदिने, मुहान फोहोर पारिदिने र विष खोजेर पानीमा हाल्न वातावरण बनाइदिने, ढोक्सा थापिदिने काम अरू दलका नेताले समेत गरेको दृश्य देख्नेबाहे उनीमाथिको एकोहोरो अस्थिर आरोपको वर्षा उचित लाग्दैन । धरातलसहितको तर्क गरिनुपर्छ । अराजनीतिक र अनैतिक तर्कले कसैको भलो गर्दैन ।

प्रचण्ड अस्थिर हुनुको परिणाम उनको दलको क्रमश: सङ्कुचनले प्रष्ट पारेकै छ । अन्य दल सङ्ख्यात्मक उपस्थितिमा बलियो भए पनि राजनीतिक, सामाजिक, नैतिकता र विश्वसनीयता गुमाउने मध्यमा नै पर्छन् । नैतिक सङ्कट र सामाजिक वैधता दलहरूको शीघ्रातिशीघ्र क्षयको विषय बनेको छ । यसको मूल्याङ्कन र विमर्श नगरेर कसैप्रति निकृष्ट आरोप तर्कयुक्त र शोभनीय छैन । सत्तामा जाँदा जोकसैले पनि आफ्नो वर्चस्व र आधिपत्य रहोस भन्ने चाहन्छ । कम्फर्ट जोनमा नै बसेर सत्ता चलाउन पाए हुनथ्यो भन्ने लाग्छ । धोका खाँदा र विश्वासघातमा पर्दा चित्त दुख्छ । त्यतिबेला परिस्थितिजन्य विकल्प खोज्न मन्छे बाध्य हुन्छ । त्यस्तो बेला गरिने लेनदेनलाई गलत बार्गेनिङ मात्रै भनेर सधैं बुझ्नु पनि भूल हुन्छ ।

आफ्नो पक्षमा रहे भए त्यही मान्छे रातारात हिरो हुने, उसका हर कदम गतिशील र लचकदार लाग्ने, ऐतिहासिक र बोल्ड निर्णय गर्न सक्ने, समयको पदचाप सुन्ने नेताको विशेषण दिने अनि आफ्नोविपरीत पक्षमा हुँदा उनलाई हेर्ने मूल्याङ्कन गर्ने दृष्टिकोणमा नब्बे डिग्रीको फरक देख्न कसरी सम्भव छ ? उनलाई हेर्ने समाजको एकपाखे दृष्टिकोण पनि अस्थिर राजनीतिको द्योतक हो । यो कोणबाट कमैले चर्चा गरेको पाइन्छ । त्यसो जनयुद्ध सञ्चालन गरेर आएको एउटा नेता, वर्तमानमा स्थापित व्यवस्थाको प्रमुख स्टेकहोल्डर, गणतन्त्रको नायक यति अस्थिर र यति हल्लो किन बन्नु पर्यो ? भिंगाको सङ्गत यता नि उता नि भएपछि मौरी बन्ने विशेषतामा ह्रास आएको हो कि ? घेराबन्दी, धोकाधडी र षड्यन्त्रको चक्रव्यूहले उम्कन नसक्ने परिस्थिति पो बन्यो कि ?

अहिले अभ्यास गरिएको राजनीतिमा चाल्स डार्विनको 'सर्भाइभल अफ द फिटेस्ट'को सिद्धान्त अवलम्बन नगर्दा नामोनिसान नरहने सम्भावना प्रचण्ड र माओवादीले देख्यो कि ? गल्ती नेताहरूको बोध क्षमतामा छ । पार्टीहरूमा छ । गल्ती कतै न कतै अवश्य छ । चक्रव्यूहमा परेपछि उम्कन गरेको प्रयत्न कतै अस्थिर राजनीतिको द्योतक बनेको त हैन ?

समाजका अग्र्यानिक बुद्धिजीवी, प्राज्ञिक वर्गले पनि दृष्टिदोष पालेको देखिन्छ । देशका बुद्धिजीवी वर्गले सत्यलाई कर्कश फरक बताएर पनि समाजमाथि अन्याय गरेका छन् । प्रचण्ड युज एन्ड थ्रो गर्छन् कि भएका छन् ? एउटा विचारणीय पक्ष यो पनि हो ? मनुभन्दा बहुलाउनु ठीकको अर्थमा आफूले नेतृत्व गरेको गणतन्त्र, सैद्धीयता र धर्म निरपेक्षता गुमाउन नदिन भएको भगिरथ प्रयत्न नै प्रचण्डको अस्थिर राजनीति हो कि ? अस्थिर राजनीतिको ब्याड्ज कसले तयार गर्यो ? प्रचण्डको अपरिहार्यता थिएन भने उनलाई मिल्काएर फाल्न किन सकिएन ? अस्थिरताको कारक ठान्दै सधैं प्रचण्डलाई नै काँधमा किन बोक्नुपर्यो र ?

आजको संसद्मा पनि नेकपा माओवादीको सिट सङ्ख्या जम्मा ३२ मात्रै हो । यो सङ्ख्याबिना पनि सरकार सजिलै बन्न सक्छ । यति भएर पनि प्रचण्ड नै अस्थिरताको कारकको उपमा किन पाउँछन् ? संसद्मा राजनीतिक दलले आफ्नो फेबरको सरकार बनाउन जहिल्यै प्रयास गरिरहन्छन् । सरकार ढाल्ने र बनाउने दाउपेच चलिरहन्छ । यो अभ्यास हाम्रो देशको मात्रै होइन, विश्वभर यस्ता घटना र राजनीतिक खेल चलिरहन्छ । प्रश्न सरकारको स्थायित्वको नभएर इमान र निरन्तरताको हो । हरेक सरकार पूर्ववर्ती सरकारको अविच्छिन्न उत्तराधिकारी हो यथापि यो कडी हाम्रोमा टुट्ने गरेको छ ।

सरकार ढले पनि बने पनि सरकारको संस्थागत विश्वसनीयता गुम्न नदिन नेताहरू फेरिने पात्रहरू तयार हुनुपर्ने हो । त्यो नभएर नै सरकार बन्ने र भत्कने स्वाभाविक सँवैधानिक प्रक्रियालाई गलत सम्झने गरिएको छ । सरकारको स्थायित्व र विश्वसनीयतामा आउने आँचमा एक व्यक्तिलाई मात्र लाञ्छित गर्नु किन पनि बेठिक हुन्छ भने उसको अनुपस्थितिमा पनि सरकार बन्ने र भत्कने प्रक्रिया अबरुद्ध हुँदैन भने एक पात्रका लागि मात्र अन्यायपूर्ण लाञ्छना बेठीक हो । प्रचण्डका लागि अस्थिर राजनीतिक भूमि र भूमिकाको प्ले ग्राउन्ड तयार गरिदिने पनि नेपाली राजनीतिमा अस्थिरताका कारक र उत्प्रेर कहरू हुन् । २०७२ मा तत्कालीन एमाले नेता र प्रधानमन्त्री ओलीले समझदारीअनुसार प्रचण्डलाई सरकारको नेतृत्व नछोड्दा प्रचण्ड नेपाली कांग्रेससँग गठबन्धन गरेर सरकारको नेतृत्व गर्दै प्रधानमन्त्री भएका हुन् । स्थानीय चुनावसम्म कांग्रेससँग मिलेर गए । त्यसपछि सबैभन्दा ठूलो बामपर्खी दल बनाउने भन्दै प्रचण्ड र ओलीको मिलाप भयो र एमालेसँग मिलेर प्रचण्ड २०७४ को सङ्घीय र प्रदेशको चुनावमा गए र चुनावपछि २०७५ जेठ ३ गते नेकपा पार्टी बनाए । यतिबेला नेकपा एमालेले प्रचण्डलाई अस्थिर सम्झेन जब ओलीले प्रचण्डसँगको जेन्टलमेन एग्रिमेन्टदेखि सारा विश्वास घात गरे तब प्रचण्ड कांग्रेससहित माधव नेपाल र झलनाथ लगायत अन्य दलसँग मिल्न पुगे । ओलीले दुई पटक विगठन गरेको संसद्को अकाल मृत्यु भनेर त्यसलाई पाँच वर्षको सञ्जीवनी बुटी पिलाउन लागे र सफल पनि भए ।

प्रचण्डका अनेक कमजोरीको आलोचना गर्न सकिन्छ । उनको थुपै शैली आलोच्य छन् । उनको सैद्धान्तिक विरोध र प्रतिरोध गर्न सकिन्छ । तर अस्थिरता भनेकै प्रचण्ड, प्रचण्ड भनेकै अस्थिरताको पर्याय एक्लो मान्छेको हकमा किमार्थ न्यायसङ्गत देखिन । पाँच दल मिलेर देउवाको नेतृत्वमा सरकार बनाएर र चुनावी मोर्चा बनाएर चुनाव लडे । माओवादीले अपेक्षाकृत सफलता पाउन सकेन । कांग्रेस प्रत्यक्षमा ५७ सिट जितेर ठूलो दल बन्यो । माओवादीलाई विस्तारै किनारमा पार्ने तल्लीन रहयो । विशेषत: देउवा प्रचण्डलाई धोका दिएर पूर्वसहमति उल्लङ्घन गर्न उद्यत बने ।

नेकपा एमालेका ओलीसँग हिमचिम र बसउठ र सरकार बनाउने देउवाले प्रचण्डलाई उपेक्षा गर्न थाले । आफूलाई धोकाको आभास भएपछि प्रचण्डको आफ्नै छापामारीय शैलीमा एमाले माओवादीसहित सात दलीय गठबन्धन निर्माण भयो । प्रचण्ड धोका खाएर आत्मसमर्पण गरेर बसेनन् । राजनीति अथाह सम्भावनाको खेती हो । विकल्पको बाटो प्रचण्डले निर्णय लिनुपर्यो, लिए । आफू प्रधानमन्त्री बने । यो प्रयास जुनसुकै दल र नेताले समय क्रमभा गरेका छन् । आवश्यकताको सिद्धान्त अनुरूप प्रचण्डले कदम चाले । यही र यसै घटना परिघटना निर्माणको वातावरण निर्माण गर्ने अरू अस्थिर नहुने प्रचण्ड मात्रै अस्थिर कसरी ?

जुनसुकै घटना र राजनीतिलाई नाप्ने यन्त्र र मानक उस्तै र एकै हुनुपर्छ । प्रचण्डलाई अस्थिर देख्ने र बनाउनेको हकमा भिन्न मानक र प्रचण्डको हकमा भिन्न हुन सक्दैन । यसैले नेपाली राजनीतिमा अस्थिर चरित्र र कारण एकै जनामा देख्नु अरू माथि अन्याय गर्नु हो । प्रचण्ड अस्थिर छन्, यो घाम जत्तिकै सत्य हो । परन्तु अरू देउवा, ओली माधव, बाबुराम, महन्थ, उपेन्द्र पनि स्थिर छैनन् । रङ फेर्ने मामलामा कुनै पनि पार्टी र कुनै पनि नेता कोहीभन्दा कम देखिएनन् ।

प्रचण्ड, देउवा र ओलीलाई 'नो, नट एगेन' भन्ने नारा लाएर उदाएको नयाँ पार्टी रास्वपासमेत प्रचण्ड सरकारमा ओली डिजाइनमा सामेल भएर आफ्नो नयाँ लुगामा दाग लगायो । यहाँ को भेष बदल्दैन ? को रङ फेर्दैन ? को अस्थिर हुदैन सत्ता सुन्दरीको अघिल्तिर ? राजनीतिक नैतिकता र चरित्रमा नेताहरू यही स्तरमा खस्कँदै जाने हो भने कुनै पनि किसिमको वैधानिक अवैधानिक दुर्घटनामा देश नपर्ला भन्न सकिन्न । *साभार: रातोपाटी*

'पीडित संघ' खोल्ने कि राष्ट्रनिर्माता शक्ति बनाउने ?

डम्बर खतिवडा

मान्छेको जिन्दगी न हो, अनेक दुर्दशा र तमासाबीच गुज्रिनुपर्छ । कसैको दुर्दशा कसैका तमासा बन्छन्, कसैका तमासा कसैका दुर्दशा । करिब १ दशक अघिको कुरा हो । त्यतिबेला सुनसरी नै बस्थें । अनेक कामले बेलाबेला काठमाडौं आइरहनु पर्थ्यो । काठमाडौं आउँदा मेरा दुई नजिकका मित्रहरूको एक 'दुर्दशा' मेरा लागि तमासाजस्तो बन्थ्यो । त्यतिबेला सुधीर बस्नेत नामका एक नयाँ धनाढ्य बड्दो चर्चामा थिए । अर्थतन्त्रका सबैजसो क्षेत्रमा उनको लगानी भएको र ती संकटग्रस्त हुँदै गएको सामाचार आइरहन्थे । पछि उनी पकाउ परेको, ठगी मुद्दा लागेको सुनियो । अचेल सुधीर बस्नेत प्रकरण कहाँ पुगेको छ, के कसरी टुंगियो वा त्यसै अलपत्र छ, थाहा छैन ।

मेरा दुई नजिकका मित्ररूले भने उनलाई निर्माणाधीन अपार्टमेन्टको फल्याटको अग्रिम भुक्तानी स्वरूप त्यतिबेला क्रमश: १५ र २८ लाख रकम बुझाएका थिए । तर, बस्नेतका ती अपार्टमेन्ट कहिल्यै बनेन । उनीहरूको पैसा डुब्यो । उनीहरूले एक संस्था र कमिटि बनाएका थिए-"सुधीर बस्नेत पीडित संघ" र मेरा ती दुवै मित्ररू त्यो संस्थाका कार्यकारी सदस्य थिए ।

'पीडित संघ' को बैठकमा म पनि जान्थें, साथीहरूसँगै 'टाइम पास' गर्न । शुक्रबार हो वा शनिबार उनीहरूको बैठक हुन्थ्यो, पीडित संघको कार्यालयमा । सुधीर बस्नेत पीडित संघको साइनबोर्ड त्यही घरमा लागेको थियो, जहाँ 'अग्नि एयर' को कार्यालय थियो । अर्थात् त्यो घर बस्नेत कै 'बिजनेस प्रेमिसेस' थियो र त्यसैको एक कोठामा 'पीडित संघ" को अफिस पनि । बैठकमा ६०-७० सम्म मानिस भेला हुन्थे । पीडकको बारेमा गरमागरम बहस गर्थे । उनलाई कसरी तह लगाउने र डुबेको पैसा कसरी फिर्ता पाउने भनेर अनेक जुक्ति र उपाय निकालिन्थे । बैठककै बीचमा चियानास्ता आउँथ्यो । त्यो पनि बस्नेतकै तर्फबाट । बैठकको बीचबीचमा बस्नेतका एक कार्यालय व्यवस्थापक आउँथे र बैठकलाई अनेक सुझाव दिन्थे ।'सरले यसो भन्नु भएको छ, उसो भन्नु भएको छ' भनेर 'पीडित संघ' लाई बस्नेतको सन्देश सुनाउँथे । 'तपाईंहरूले यसो गर्नु राम्रो उसो गर्नु राम्रो, यस्तो निर्णय माइन्युट गर्नु राम्रो, उस्तो निर्णय नगर्नु राम्रो' भनेर सल्लाह दिन्थे । नभन्दै 'पीडित संघ' ले सुझाव अनुसार नै गर्थ्यो ।

बैठक हलको एक कुनामा साथीहरूलाई पर्खिंरह्दा म यो सबै प्रक्रिया हेर्ने र मनमनै हाँस्थे । बस्नेतकै घरमा बस्नेत पीडित संघको कार्यालय, उनकै चियानास्ता र उनकै मान्छेको सुझाव अनुसारको माइनट । पीडित संघ लामै र राम्रै चल्ला जस्तो देखिन्थ्यो । र, यो प्रक्रिया मलाई भने 'तमासा' जस्तो लागेको थियो । पीडित संघजस्ता संस्ताना, संकीर्ण सोच भएका बग्रेल्ती राजनीतिक समूहको यो देशमा कुनै काम छैन । ती बेकामे प्रयत्नहरू हुन् । त्यसमा खर्चिंएको श्रम खेर जाने श्रम हो ।

नभन्दै समस्या हल भएन । साथीहरूको पैसा डुब्यो । पीडितहरू बैठक बस्न छोड्रे, तितर बितर भए । पीडित संघको साइनबोर्ड अहिले त्यहाँ छैन होला । मेरा साथीहरूलाई यो घटना सम्झायो भने हाँस्छन् र 'भो, छोडिदिनुस् त्यो कुरा' भन्छन् । उनीहरूले त्यो बेलाको त्यति ठूलो रकम माया मार्दिएका छन् । राजनीतिक घटनाक्रममा पनि यो उदाहरण मलाई निकै गतिलो लाग्दछ । देशमा एक से एक अमुक व्यक्ति 'पीडित संघ' को साइनबोर्ड देख्छु, त्यही विचार र विरासतको घर कम्पाउन्डमा । तिनको तर्क, विश्लेषण, एजेन्डा, संस्कार र संस्कृतिको चियानास्ता पनि त्यतैबाट आउँछ । रणनीति, कार्यनीति र कार्यशैलीको सुझाव पनि उतैबाट आउँछ । तर, ती पीडित संघ बनाएर लड्दैछन्, त्यहीसँग । एउटा पार्टी छ, नेकपा (एकीकृत समाजवादी) नामको । यथार्थमा त्यो 'ओली पीडित संघ' हो र माधव नेपाल 'ओली पीडित संघ' को अध्यक्ष हुन् । नेकपा वैद्य र विप्लवलाई 'प्रचण्ड पीडित संघ' भन्न सकिन्छ ।'विवेकशील साझा' र 'विवेकशील पार्टी' नामका ससाना समूह छन्, देशभरिबाट ५ हजार भोट नकटाउने, यथार्थमा ती पनि पार्टी हैनन्, 'रवीन्द्र मिश्र पीडित संघ' हुन् । अर्को कम्युनिष्ट समूह छ धुरन्धर विद्वान मित्र आहुतिको नाममा त्यो 'नारायणकाजी पीडित संघ' हो । विस्तार अब 'रवि लामिछाने पीडित संघ' खुल्ला, त्यस्तै सुन्दैछु । केही महिना अघि सुदरपश्चिमतिर जाँदा केलाली कञ्चनपुरका केही साथीहरूसँग भेट भएको थियो, उनीहरू 'विप्लव पीडित संघ' खोल्ने तयारी गर्दै थिए । त्यता खुल्यो खुलेन, यता कमरेड कञ्चन र सुदंशनले भने खोलेका थिए, सै कता पुग्यो । लोसपा, जनमतलगायत मधेशका अनेक सानातिना समूह 'उपेन्द्र यादव पीडित संघ' हुन् । यादवले 'यादववाद' रे भन्नु बाहेक तिनको अरु कुनै कुरा, मुद्दा, विचार, एजेन्डा केही हुँदैन ।

धन्न, कांग्रेसमा चाहिँ यो नौबत छैन, नत्र शेखर कोइराला, गगन थापाहरूले यतिखेर सभ्य देउवा पीडित संघ' खोली सकेका हुन्थे । त्यहाँ पीडित संघको साटो 'गुनासो केन्द्र' नै काफी भइरहेको छ । 'गुनासो केन्द्र' चाहिँ त्यहाँ पनि चलेकै छ । डा. बाबुराम भट्टराईले नयाँ शक्ति बनाएर साँच्चै नयाँ शक्ति बनाउन खोजेका हुन् भन्ने लागेको थियो, हैन रहेछ, त्यो पनि 'प्रचण्ड पीडित संघ' कै अर्को घटक रहेछ । त्यो पीडित संघ थियो कि राष्ट्र निर्माण गर्ने नयाँ पार्टी भन्ने बेलैमा बुझ्न नसक्दा हामीले पनि सात वर्ष 'प्रचण्ड पीडित संघ' को सदस्य भएर खेर फाल्यौं, दुनियाँका नजरमा 'अच्छा बेवकूफ' साबित भयौं ।

अहिले पनि मदन राई, वीरेन्द्र पोखेल, प्रशान्त सिंह, अशोक श्रेष्ठ, नारायण खनाल लगायतको एउटा ससानो समूह छ हाम्रो 'बाबुराम पीडित संघ' खोल्न र त्यसको केन्द्रीय समिति बनाउन पुग्ने । धेरैले 'किन ढिलो गरेको, तिमेरुको खोइ ? तिमेरु त हरायौं त ?' भनेर प्रश्न गर्छन् । तर, हामीले भने जानीजानी, सयौंपटक सोची विचरी 'बाबुराम पीडित संघ' नबनाउने, त्यसैको विरासतको घरकम्पाउन्डमा साइनबोर्ड नटाङ्ने र संस्कार, संस्कृतिको चियानास्ता, कार्यशैलीको सुझाव उतैबाट नलिने निर्णय गरेका छौं । किनकि पीडित संघ राष्ट्र निर्माण र राज्य सञ्चालन गर्न सक्ने पार्टी बन्न सक्दैन भन्ने कुरा हामीअघिका सबै उदाहरणबाट पुष्टि भइसके । फेरि त्यही अभ्यास किन र केसका लागि दोहोऱ्याउने ? अहं तृप्तिका लागि ? भो, त्यो पर्दैन ।

ज्यां-पाल सात्रको अस्तित्ववादी दर्शनले भन्छ, 'कुनै पनि मान्छेको गाथा उसको नियतिको हैन, निर्णयको कथा हो । मान्छे के हुन्छ वा बन्छ, त्यो स्वयं उसको निर्णयले निर्धारण गर्दछ ।' सार्त्र स्वयं फ्रान्सेली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य थिए । यदि उनले त्यो पार्टी र विचारको विरासत छोड्ने निर्णय गर्दैनथे त उनी विश्व विख्यात दार्शनिक हुँदैनथे । न त नोबल पुरस्कार पाउने र अस्वीकार गर्न सक्ने आँट भएको महान लेखक हुन सक्थे ।

अस्तित्ववादी दार्शनिक धारामा मान्छेको निर्णयको संवेदनशीलतालाई बुझाउने एउटा बड्रो रोचक कथा छ । सात्र आफ्ना लेख र प्रवचनमा समेत यो कथाको प्रयोग गर्थे । कथामा एक सिपाही हुन्छ । उसको देश र छिमेकी शत्रु देशबीच युद्ध हुने निश्चित हुन्छ । युद्ध मैदानमा कोको मरिन्छ, बाँचिन्छ, कुनै टुंगो छैन । युद्ध मैदानको अग्रभोर्चामा पठाइने सैनिक टुकडीका सिपाहीलाई एक महिनाको छुट्टी दिएर आफन्तहरूलाई भेट्न घर पठाइन्छ ।

कथाको नायक एक सिपाही घर जान्छ । घरमा एक्ली आमा बाहेक कोही छैन । उसको परिवार संचरना नै त्यस्तै थियो । आमा र एक्लो छोराबाहेक परिवारमा अरु कोही थिएन । ठीक यही एक महिनाभित्र उसकी आमा बिमारी र बुढ्यौलीले थला पर्छिन् । विदा सकियो । अब भोलि बिहान घर छोडेर हिंड्नुछ । ओछ्यानमा मुर्छित आमा अन्तिम सास फेर्दैछिन् ।

यस्तो बेला त्यो सिपाहीले के निर्णय गर्छ वा गर्नु पर्दछ भन्ने कुराको कसैले सुझाव दिन सक्दैन । त्यो निर्णय उसको आफ्नै फटयले गर्नुपर्ने हुन्छ । यदि ऊ सेनामा नफिंकएर आमा स्रोर बस्यो भने उसको गाथा एक मातृभक्त छोरोको बन्ने हो । *बाँकी पृष्ठ-३ मा...*

दुई तिहाइले घट्यो विद्युत उत्पादन, आयातित बिजुलीले माग धान्न मुस्किल

काठमाडौं/हिउँदमा राम्रो वर्षात र हिमपात नभएपछि विद्युत आपूर्ति व्यवस्थापन झन् चुनौतीपूर्ण बनेको छ । नेपाल विद्युत प्राधिकरणका अनुसार यो वर्ष हिउँदको विद्युत उत्पादन दर विगतका वर्षहरुमा भन्दा कमजोर छ ।

यसले भारतीय विद्युतमा निर्भरता बढेपनि आपूर्ति र प्रसारण सञ्जालको अभावमा पर्याप्त मात्रामा बिजुली आपूर्ति गर्न मुस्किल भएको प्राधिकरणको भनाइ छ । यो वर्ष थप आयोजनाहरु बनेका कारण गत वर्षभन्दा आन्तरिक रुपमा हुने उत्पादन केही मात्रा बढे पनि प्रणालीमा वृद्धि भएको मागअनुसार आपूर्ति धान्न प्राधिकरणलाई आयातित बिजुलीमा भर पर्नु परेको छ ।

प्राधिकरणका भारप्रेषण केन्द्रका प्रमुख तथा प्रवक्ता सुरोवहादुर भट्टराईका अनुसार अहिले जडित आयोजनाहरुबाट एक तिहाइ बिजुली मात्रै बिजुली उत्पादन भइरहेको छ । दुई तिहाइभन्दा बढी उत्पादन घटेपछि प्राधिकरणलाई विद्युतको माग व्यवस्थापनमा समस्यामा परेको छ ।

'नेपालमा बनिसकेका आयोजनामा २३ सय मेगावाट बराबरको जडित क्षमता छ, तर अहिले करिब ७ सयदेखि साढे ७ सय मेगावाटसम्म मात्रै विद्युत उत्पादन भइरहेको छ,' उनले भने, 'मुख्यायाममा नदीमा पानीको सतह घटेसँगै उत्पादन घटेको हो ।'

उनका अनुसार अहिले स्वतन्त्र ऊर्जा उत्पादकहरुको निजी स्तरका आयोजनाबाट जडित क्षमतको १५ देखि २२ प्रतिशत मात्र बिजुली उत्पादन भइरहेको छ । त्यसको तुलनामा नेपाल विद्युत प्राधिकरण र भगिनी कम्पनीका आयोजनाहरुको बिजु उत्पादन केही राम्रो छ ।

'प्राधिकरणका आयोजनाबाट जडित क्षमताको ३०देखि ३५ प्रतिशतसम्म बिजुली उत्पादन भइरहेको छ' उनले भने । प्राधिकरणकै आयोजनाहरुमा पनि अत्यधिक मात्रामा उत्पादन घटेको छ । यसले प्राधिकरणलाई माग र आपूर्तिको सन्तुलन मिलाउन चुनौती थपेको छ ।

यो वर्ष अहिलेसम्म हिमाली र उच्च पहाडी क्षेत्रमा हिमपात भएको छैन, त्यसैले गत वर्षहरुमा जस्तो गर्मी बढ्नासाथ नदीमा पानीको सतह बढ्ने अवस्था पनि कम छ । त्यसैले यो वर्ष भारतबाट विगतका वर्षहरुको भन्दा बढी मात्रामा बिजुली आयात गर्नुपर्ने अवस्था छ ।

'तर, ढल्केबरबाटेकको लाइनबाट थप बिजुली ल्याउन सकिदैन, त्यहाँसम्म ल्याएको बिजुली पश्चिम नेपालतर्फ पठाउन प्रसारण लाइनको बलियो सञ्जाल छैन,' उनले भने, 'निर्माणाधीन ठूला क्षमताका प्रसारणलाइन आयोजनाहरु सम्पन्न नहुँदा थप बिजुली आयात गरेर पश्चिम नेपालतर्फ पठाउन पनि समस्या छ ।' प्राधिकरणका आयोजनाहरुमा कतै वनको समस्या छ भने कतै ठेकदार कम्पनीहरुको ढिलासुस्ती छ । मुआब्जा लगायतका समस्याका कारण निर्माणाधीन २२० र ४०० केभीका लाइनहरुको काम सकाउन ढिलाइ भएको छ । तर, प्राधिकरण त्यसैलाई बाहाना बनाएर विद्युतको माग व्यवस्थापनमा समस्या आएर तर्क गरेर हात बाँधेर बसेको छ ।

अझ भारतमा बिजुलीको माग र आपूर्तिमा आएको असन्तुलनका कारण मूल्य उच्च भएकाले अर्को चुनौती थपिएको छ । महँगोमा बिजुली किन्न तयार रहेको बताउने प्राधिकरण अहिले प्रसारण सञ्जालको अभाव देखाइरहेको छ ।

पर्याप्त बिजुली आयात भए पनि पूर्वबाट पश्चिम पठाउने र विभिन्न औद्योगिक क्षेत्रसम्म पुऱ्याउने बलियो लाइनको अभावका कारण उद्योगहरुमा पिक आवरमा बिजुली कटौती गर्नुपरिरहेको प्रवक्ता भट्टराईको दाबी छ ।

प्राधिकरणका अनुसार अहिले विहान र साँझको पिक आवर मा बिजुलीको माग करिब १ हजार ७१० मेगावाटसम्म पुगेको छ । यस्तो अवस्थामा प्राधिकरणले माग धान्न करिब ५ सय मेगावाटभन्दा बढी बिजुली भारतबाट आयात गरिरहर हेको छ । आयातित बिजुलीले माग नधान्ने पनि प्राधिकरणले पिक आवरमा उद्योग र औद्योगिक क्षेत्रमा जानकारी गराएरै लाइन काटिरहेको छ ।

यसका कारण उद्योगहरु समस्या परेका छन् । तर, प्राधिकरण भने आफूले सकेसम्म घरै बिजुली आयात गरेर कटै पनि बिजुली कटौती नगर्ने प्रयासमा भइरहेको बताउँछ । ६५-७० प्रतिशत आन्तरिक उत्पादन घटदा प्राधिकरणले १० देखि ११ हजार मेगावाट आवर मात्रै बिजुली आयात भइरहेको छ ।

'यो अवस्था सामान्य नै हो, यदि प्रसारण सञ्जाल सुदृढ भएको भए थप ५ सय मेगावाट ल्याउन सक्थ्यौं,' उनले भने, 'लाइन नबनिन्जेलसम्म यस्तो गर्नुपर्छ, लाइन नबनेसम्म समस्या रहिरहन्छ ।'

राम्रो काम गरेकाले विवाद भएको भुवन केसीको तर्क

काठमाडौं/चलचित्र विकास बोर्डको अध्यक्ष बन्न रातारात सत्तामा रहेको पार्टीमा आबद्ध भएका अभिनेता भुवन केसी आफ्नो उद्देश्यमा सफल भए । दुई वर्षका लागि बोर्डको अध्यक्ष हाँक्ने जिम्मेवारी पाएका उनले ७ महिनाको अवधिमा देखिने गरी र उपलब्धिमुलक काम गर्न सकेका छैनन् भन्दा गलत हुँदैन । यो अवधिमा उनका श्रृंखलाबद्ध विवाद मात्र रिलिज भए । र, हरेक विवाद ब्लकबस्टर भए ।

आइतबारबाट दुवईमा हुन लागेको बोर्डको ३० लाखको 'नेपाल्स फिल्म फेस्ट'को व्यवस्थापकीय जिम्मेवारी विवादित निजी कम्पनी सूर्य कर्पोरेसनलाई दिएपछि भुवन फेरि विवादमा तानिएका छन् । तर, विवाद पचाउने बानी परिसकेका उनी शनिबार साँझ ३९ जनाको टोली लिएर फेस्टिभल गर्न दुवई उडे । जसमा उनका घरका दुई सदस्य जिया केसी र अनमोल केसी पनि सहभागी छन् ।

फेस्टिभलका लागि दुवई उड्ने क्रममा अध्यक्ष केसीले आफूले राम्रो काम गरेकाले विवाद भएको आशय व्यक्त गरेका छन् । उनले सञ्चारकर्मीसँग विवादको बारेमा भनेका छन्, 'कामै नगरी घरमा बसे हो भने त विवाद आउँदै आउँदैन । कुनै राम्रो काम गर्दाखेरी आउन सक्या । तर, यो कार्यक्रममा केही विवाद छैन । चलचित्र विकास बोर्डले पहिलो पटक विदेशमा फेस्टिभल गर्न लागेको हो ।'

बजेट कम भएकाले यसपटक घरै फिल्मकर्मीलाई समेट्न नसकिएको भुवनले पृष्ट पारे । 'हामीले सक्दो कलाकारलाई फेस्टिभलमा समेट्ने प्रयास गरेका थियौं । तर, यसपटक बजेट एकदमै थोरै छ । त्यसले गर्दा हामीले चाहेर पनि घरै कलाकर्मीहरुलाई समेट्न सकेनौं । यद्यपि, अर्को कार्यक्रममा घरै कलाकारलाई समेट्ने प्रयास गर्नेछौं । अब हरेक वर्ष यस्ता कार्यक्रम हुनेछ,' केसीले भने ।

उनले फेस्टिभलमा सहभागिताका लागि घरै कलाकारलाई प्रस्ताव गरिएको भए पनि विभिन्न कारणले सहभागी हुन नसकेको बताए । केसी भन्छन्, 'राजेश हमाल, हरिवंश आचार्यसँगै अनमोल केसीका समकालिन कलाकारहरुलाई समेट्न प्रयास गरेका थियौं । तर, कोही छायांकन त कोही घरायसी कामले जान सक्नुभएन । यद्यपि, सबैले कार्यक्रम सफलताको शुभकामना दिनुभएको छ ।'

'फूलबारी'को कन्टेन्ट बलियो छ : प्रियंका कार्की

काठमाडौं/विवाह बन्धनमा बाँधिएर आमा भएपछि अभिनयमा पुनः सक्रिय हुन थालेकी अभिनेत्री प्रियंका कार्कीको यस वर्षका लागि तेस्रो फिल्म 'फूलबारी' आगामी फागुन ५ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । यस वर्ष प्रदर्शन भएका दुई फिल्म 'लक्का जवान' र 'चि मुसी चि' असफल भएका कारण यो फिल्मको सफलता उनका लागि अनिवार्य छ । र, उनी कन्टेन्ट बलियो भएकाले फिल्म सफल हुनेमा विश्वस्त छिन् ।

शनिबार साँझ एक टेलिभिजनमा अन्तर्वार्ता दिने क्रममा उनले 'फूलबारी' हेर्ने दर्शक ओईरिन सक्ने कारण औल्याउँदै भनेकी छन्, 'अहिले ओटीटी प्लेटफर्मको सुविधाले हाम्रो फिल्म हेर्ने दृष्टिकोण बदलिएको छ । जे पायो त्यही फिल्म अब हेर्दैनौं हामी । तर, कन्टेन्ट बलियो छ भने दर्शकलाई कसैले रोक्न सक्दैन । हलमा ओइरिएर मान्छे आउँछन् । 'फूलबारी'को कन्टेन्ट बलियो भएकले दर्शक हलमा ओहोरिए आउँछन् भन्ने विश्वास छ ।'

परिवारिक फिल्म संसारमै सबैभन्दा बढी रुचाइने भएकाले 'फूलबारी'को कथाले दर्शकलाई बाँध्ने उनको विश्वास छ । फिल्म हेर्नुपर्ने कारण म पनि एउटा हुन सक्छ । तर, यो फिल्म नै विशेष हो । घरै फिल्महरु लभस्टोरी, एक्सन, हरर जनरामा बन्ने गरेका छन् । यी जनराका सीमित दर्शक मात्र हुन्छन् होला सायद । तर, फेमिली ड्रामाको सीमित दर्शक हुँदैनन् । बच्चादेखि बृद्धसम्मलाई फिल्मको कुनै न कुनै पार्टले छुन्छ । त्यसैले सबैका लागि बनेको फिल्म हो,' उनले भनेकी छन् ।

रामबाबु गुरुङले गर्दै आएको जनराभन्दा 'फूलबारी' फरक रहेकाले पनि दर्शकलाई नयाँ लाग्ने उनको जिकिर छ । 'प्राय:जसो उहाँको फिल्म कमेडी प्रधान हुन्छन् । ह्युमर बढी हुन्छ । यो चाहिँ पारिवारिक कथामा बनेको छ,' उनी अगाडि भन्छिन्, 'यसमा विपिन कार्की पहिलो पटक फरक भूमिकामा देखिँदै हुनुहुन्छ । उहाँको आफ्नो वास्तविक उमेरभन्दा पाको भूमिका छ । मेरो ससुराको भूमिका निभाउनु भएको छ । त्यो पनि दर्शकका लागि नौलो हुनसक्छ ।'

'फूलबारी'ले उठाएको पारिवारिक सम्बन्धको कथाले दर्शकलाई कहिँ न कहिँ छुने उनको तर्क छ । 'हाम्रो कल्चर कस्तो छ हयुमर बढी हुन्छ । यो चाहिँ पारिवारिक कथामा बनेको छ,' उनी अगाडि भन्छिन्, 'यसमा विपिन कार्की पहिलो पटक फरक भूमिकामा देखिँदै हुनुहुन्छ । उहाँको आफ्नो वास्तविक उमेरभन्दा पाको भूमिका छ । मेरो ससुराको भूमिका निभाउनु भएको छ । त्यो पनि दर्शकका लागि नौलो हुनसक्छ ।'

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सितैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

चितवन-२ को उपचुनावमा रवि उम्मेदवार हुन पाउँछन् ?

काठमाडौं/निर्वाचन आयोगले १० वैशाख २०८० मा चितवन-२ मा उपनिर्वाचनको घोषणा गऱ्यो । ४ मंसिरको चुनावमा त्यहाँबाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई नागरिकताका कारण सर्वोच्च अदालतले अयोग्य ठहर गरेपछि रिक्त पदमा उपनिर्वाचन हुन लागेको हो ।

गत आइतबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा लामिछानेले आफू फेरि चितवन-२ मा उम्मेदवार हुने घोषणा गरेका थिए । सर्वोच्च अदालतको फैसलाको पर्सिपल्ट नै उनले जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट नेपाली नागरिकताको प्रमाणपत्र लिइसकेका छन् । त्यसै कारण उनी फेरि उम्मेदवार बन्न पाउनेछन् ।

भुटा विवरण लिई राहदानी (पासपोर्ट) लिएको आरोपमा लामिछानेमाथि जिल्ला प्रहरी परिसर, काठमाडौंले अनुसन्धान सुरु गरेको छ । सरकारी वकिलको कार्यालय, काठमाडौंले तीन निकायबाट कागजात मगाएर उनीविरुद्धको उजुरीको वास्तविकता परीक्षण गर्दैछ । कतिपयले यही कारणले उनले उम्मेदवार दिन नपाउने त होइन भन्ने आशंका समेत गर्दैछन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ मा उम्मेद्वारको अयोग्यता सम्बन्धी व्यवस्था छ । उक्त दफामा 'राहदानी दुरुपयोग'को अभियोगमा अदालतबाट दोषी ठहर भएमा र त्यो फैसला अन्तिम भएको व्यक्ति मात्रै उम्मेदवार हुन नपाउने व्यवस्था छ ।

तर लामिछाने को राहदानीको उजुरीमाथिको छानबिन निकै प्रारम्भिक चरणमा रहेकाले त्यसका कारणले उनलाई उम्मेदवार हुन कानूनी अवरोध नहुने जानकारहरु बताउँछन् ।

'उहाँमाथि अहिले प्रहरीबाट अनुसन्धान मात्रै भएको हो, भोली गएर अदालतमा मुद्दै चलेपनि उम्मेद्वार हुन बाधा पुऱ्यैन' महान्यायाधिवक्ता कार्यालयका एक सरकारी वकिलले भने, 'अदालतबाट दोषी ठहर भई त्यसविरुद्ध माथिल्लो अदालतमा जाने सुविधा रहदासम्म पनि सम्बन्धित व्यक्ति उम्मेद्वार हुन बाधा पर्दैन ।' अदालतबाट दोषी ठहर भई त्यो फैसला अन्तिम भएमा भने उम्मेद्वार हुन नपाउने व्यवस्था ऐनमा छ ।

निर्वाचन सम्बन्धी कानून बनाउँदा विधायकहरुले पासपोर्ट दुरुपयोगको कसुरलाई समेत निर्वाचन लड्न अयोग्य हुने आधार बनाएका थिए । त्यतिबेला सांसदहरुले नै रातो पासपोर्टको दुरुपयोग गरेको र उनीहरु बदनाम भएकाले यस्तो व्यवस्था राखिएको हो ।

झुटा विवरण पेश गरेर पासपोर्ट लिएको कसुर र पासपोर्ट दुरुपयोग गरेमा हुने कसुर एउटै हो कि फरक प्रकृतिको हो भन्ने समेत स्पष्ट छैन । ती सरकारी वकिलले भने, 'यी सबै परिस्थिती हेर्दा उहाँ (रवि लामिछाने)लाई उम्मेद्वार हुन कुनै बाधा देखिदैन ।'

राष्ट्रपतिको सवारीलाई लिएर संसदमा उठ्यो प्रश्न

काठमाडौं/राष्ट्रपति विद्यादेवी भण्डारीको सवारीलाई लिएर प्रतिनिधिसभामा प्रश्न उठेको छ । आइतबार बसेको प्रतिनिधिसभाको बैठकमा सांसदहरुले शून्य समयमा राष्ट्रपतिको सवारीलाई लिएर नीतिगत, कार्यविधिगत र व्यवहारिक प्रश्न उठाएका हुन् ।

राष्ट्रपति भण्डारीको सवारीमा जनतालै दुःख पाएको भन्दै कतिपय सांसदले सरकारको आलोचना गरे । उच्च सुरक्षाका नाममा जनतालाई दुःख दिएर राष्ट्रपतिको सवारी चलाउँदा विद्यमान व्यवस्थाप्रति नै नकारात्मक असर पर्न सक्नेतर्फ सांसदहरुको चिन्ता छ ।

गत शुक्रबार राष्ट्रपति भण्डारी संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न सरकारी निवास सितल निवासबाट नयाँबानेश्वरस्थित संसद भवन पुगेकी थिइन् । त्यसक्रममा सडक खाली गराइएको थियो । सडक खाली गराएका बेला हिँडेको भन्दै सुरक्षाकर्मीबाट चिकित्सक कुटिएका थिए, एम्बुलेन्ससमेत रोकिएको थियो । यस विषयलाई लिएर सार्वजनिक रुपमै प्रश्न उठिरहेको छ ।

नेकपा एमालेका सांसद रघुजी पन्तले राष्ट्रपतिको सवारीको समयमा आफू एक घण्टा जाममा परेको सुनाए । जनताको गाली सुन्नुपर्छ भनेर मास्क लगाए, लोगो छोपेर हिड्नुपरेको अनुभव संसदमा व्यक्त गरे ।

नेकपा एमालेका सांसद रघुजी पन्त

'म आफै पनि एक घण्टा जाममा परें । एम्बुलेन्स पनि जाममा परे' सांसद पन्तको प्रश्न छ, 'घुपै मान्छेले गाली गरिरहेका छन् । मैले लोगो छोप्नुपर्यो । म चढेको बाइकलाई अगाडि बढाउ भनेर मुखमा मास्क लगाउनुपर्यो । किनभने त्यहाँ संसदलाई पनि गाली गर्न थाले ।' यस्तो हयाभक उत्पन्न हुने प्रणालीको समयाअनुकुल परिमार्जन गर्नुपर्नेमा उनले जोड दिए ।

राष्ट्रपतिको सवारीका क्रममा भएको सडक जामको विषय सरकारको जिम्मेवारी भएको उनलाई लाग्छ । 'यस (राष्ट्रपतिको सवारीका क्रममा भएको सडक जाम)मा दोष राष्ट्रपतिको होइन, सरकार र सुरक्षा संयन्त्रको हो ।

यसको सम्पूर्ण जिम्मेवारी सरकारले, प्रधानमन्त्रीले लिनुपर्छ' नेता पन्तले भने । सरकारको कमजोरीको कारण राष्ट्रपति संस्थाप्रति आक्रोस व्यक्त भइरहेको उल्लेख गर्दै उनले यस्तो कमजोरीले विद्यमान व्यवस्थामाथि नै प्रश्न उठाइरहेको बताए ।

पन्त आफै प्रधानमन्त्रीको सल्लाहाकार भएर काम गरेका नेता हुन् । यसको समाधान राजनीतिक नेताहरुले दिनुपर्ने उनको सुझाव छ ।

(अनलाइनखबरबाट)

'पीडित संघ' खोल्ने कि...

यदि त्यस्तो अवस्थामा आमालाई छोडेर युद्ध मैदानमा गयो भने उसको गाथा देशभक्त सिपाहीको बन्नेछ । त्यो सिपाही मान्छेको इतिहास वा जीवनगाथा भविष्यमा मातृभक्त बन्ला वा देशभक्त ? त्यो स्वयं उसको निर्णयमा भर पर्दछ ।

मान्छेको जीवनमा आउने सबै क्षण यत्तिकै पेचिला हुन्छन् भन्ने हैन । जब पेचिला क्षण आउँछ, उसलाई भगवानले पनि सही सुझाव दिन सक्दैन । अर्थात् पेचिला क्षणको अर्थ- सुझावको सीमा वा सान्दर्भिकता अन्य हुन्छ । जब कुनै पनि सुझावले काम गर्दैन भने त्यहाँ पुगेर मान्छेले आफ्नो निर्णय आफै गर्नुपर्दछ, र आफ्ना गाथाको रचना पनि आफै गर्नुपर्दछ ।

यतिका घैरै 'पीडित संघ' किन र केका लागि खोलिएको हो ? यी खोले बापत कुनै राम्रो योगदान भएको छ त देशलाई ? पीडा दिनु हुन्थ्यो, हुँदैनथ्यो, त्यो पीडकहरूको निर्णय हो । उनीहरूको त्यही निर्णयले त्यही बमोजिमको इतिहास र गाथा बन्छ । त्यो इतिहास र गाथाका लागि स्वयं उनीहरू जिम्मेवार हुनेछन् ।

तर, 'पीडित संघ' खोल्ने नखोल्ने त्यो हाम्रो निर्णयको कुरा हो । यसको इतिहास र गाथा हाम्रो निर्णयले निर्धारण गर्दछ । पीडित संघ खोलेर आखिर भयो के ? त्यही आत्मतृप्ति ? त्यो कुन ठूलो र गतिलो उपलब्धि हो ? अहंतुष्टि यदि उपलब्धि नै हो भने पनि संसारकै सर्वाधिक निम्नकोटीको उपलब्धि हो । तसर्थ पीडित संघजस्ता ससाना, संकीर्ण सोच भएका बग्रेल्ती राजनीतिक समूहको यो देशमा कुनै काम छैन । ती बेकामे प्रयत्नहरू हुन् । त्यसमा खर्चिएको श्रम खेर जाने श्रम हो ।

हिंगेलले बारम्बार प्रयोग गरेको एउटा शब्दावली छ- डिफ्रेन्सिया इस्थेसिफिका' । अर्थात् तिमी विशिष्ट हुन कुनै नयाँ योगदान गर्न चाहन्छौ भने पहिलो कुरा फरक हुन सिक । यदि फरक हुन सक्दैनौ भने कसैले गरिसकेको पुरानै काम दोहोऱ्याउँदै हुन्छौ, कुनै नयाँ काम गर्न सक्दैनौ भने तिम्रो कुनै फरक पहिचान पनि बन्दैन ।

माधव नेपालको पाटीले एमाले भन्दा कुनै फरक गर्न सक्ला ? त्यही एउटा ओलीप्रतिको रिस बाहेक के फरक छ यी पार्टीमा ? विप्लव, वैद्यले खै के नयाँ गरे प्रचण्डलाई छोडेर, बाबुराम पनि आखिर फकिँएर फेरि प्रचण्डसँगै पुगे । मधेशका अनेक समूह उपेन्द्र यादवलाई रिस गर्छन्, तर उनीहरूको मनमा अर्को उपेन्द्र यादव कसरी हुन सकिएला भन्ने मात्रै ध्याउन्न हुन्छ । रवीन्द्र मिश्रले रसातल पुऱ्याएको एक बदनाम विरासत बोकेर विवेकशील साझाले खै के नै गर्ला ?

राजनीतिमा कुनै पुरानो प्रतिको प्रतिक्रिया, असन्तुष्टि र गुनासो मात्र पर्याप्त हुँदैन । त्यो क्षणिक हुन्छ । बस्तै पीडित संघका सदस्यजस्तै त्यसका सदस्य केही समयपछि तितरबितर हुन्छन् । जीन्दगीभरि सम्झिन् र दुखित हुनु भन्दा पुरानो घाटा बिर्सिदिन्छु बरु । नयाँ संभावना र पेशाबाट त्यो घाटा पूर्ति गर्न खोज्छन् तर जिन्दगीभरि पीडित संघ रंगी बस्न सक्दैनन् ।

तसर्थ यदि विकल्प दिने हो भने अलिक ठूलो चित्त गरेर सार्थक विकल्प दिन सक्नु पऱ्यो । फराकिलो छाती चाहियो । भिन्न हुन सक्ने आँट र गौरव हुनुपऱ्यो । 'रिएक्टिभ' मात्र हैन, 'प्रोएक्टिभ' वा 'क्रिएटिभ' हुन सक्ने साहस चाहियो ।

'पीडित संघ'हरू विघटन वा खारेज गर्ने र त्यसको विरासतको घरआँगन बाहिर अर्को घरकम्पाउन्ड बनाउने योजना हुन पऱ्यो । यावत पीडित संघका साथीहरू ! गर्ने हो त त्यसो ?

(साभार:अनलाइनहबर)

साझाकुरा
"तपाईं, हामी सबैको कुरा"
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा
राष्ट्रिय दैनिक
वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

बागमतीमा आजदेखि भेडाबाख्रालाई पीपीआर खोप लगाइने

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आजदेखि भेडाबाख्रामा पीपीआर खोप लगाउने सात दिने अभियान सुरुवात गर्ने भएको छ ।

मन्त्रालयले स्थानीय तहको सहकार्यमा मातहातका कार्यलयमार्फत् प्रदेशभित्रका १२ लाख ६९ हजार भेडाबाख्रालाई पीपीआर खोप लगाउने भएको मन्त्रालयका डाक्टर निशान्त शर्माले जानकारी दिए । प्रदेशका १३ जिल्लामध्ये मकवानपुरमा १९ वटा खोप केन्द्र र ६३ वटा भ्याक्सिनेटरबाट खोप लगाइने भएको हो । पीपीआर भेडा बाख्रामा विषाणुबाट लाग्ने घातक संक्रामक रोग हो । पीपीआर संक्रमणको कारण वर्षेनि हजारौं भेडाबाख्रा मर्ने गरेको कारण किसानले ठूलो क्षति व्यहोर्नु पर्ने समस्यालाई मध्यनजर गर्दै प्रदेश सरकारले प्रदेशमा रहेका भेडाबाख्रालाई पीपीआर खोप लगाउने कार्यक्रम सुरु गरेको मन्त्रालयले जानकारी दिएको छ ।

पीपीआर नियन्त्रणका लागि फागुन १ गतेदेखि ७ गतेसम्म सप्ताह्व्यापी खोप अभियान सञ्चालन गरिने भएको छ । प्रदेशभर कुल २६ लाख १३ हजार २ सय ३२ भेडाबाख्रा रहेकामा ४९ प्रतिशत भेडाबाख्रालाई मात्र पीपीआर खोप लगाउन लागिएको हो । संघीय सशर्तमार्फत् प्राप्त भएको खोपबाट प्रदेशभरका जम्मा ४९ प्रतिशत भेडाबाख्रामा खोप पुग्ने भएपनि यहि पेशामा रहेका किसानहरुलाई ठूलो आर्थिक क्षति हुनबाट रोकिने मन्त्रालयका प्रवक्ता झलकनाथ कँडेलले बताए । नयाँ ठाउँमा पीपीआर रोग फैलँदा ८० प्रतिशत संक्रमित जनावरको मृत्यु हुने डाक्टर शर्माको भनाइ छ ।

विषाणुबाट फैलने रोग भएको कारण पीपीआरको सघन उपचार नभएको हुँदा सामुहिक खोप अभियान सञ्चालन गरिएको मन्त्रालयले जनाएको छ । विश्व पशु स्वास्थ्य संगठन र संयुक्त राष्ट्र खाद्य तथा कृषि संगठनले सन् २०३० सम्म पीपीआर उन्मूलन गर्ने रणनीति अघि सारिसकेको अवस्थामा पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को परिच्छेद ३ पीपीआर रोग नियन्त्रण कार्यक्रम कार्यान्वयनको माध्यमबाट यस रोगलाई प्रभावकारी तवरले नियन्त्रण गर्नको लागि स्पष्ट कार्य योजना बनाई पीपीआर खोप अभियान सञ्चालन गर्न लागिएको मन्त्रालयले जनाएको छ ।

बागमती प्रदेशमा गतवर्ष मन्त्रालयले पीपीआर खोप अभियान अन्तर्गत ८ लाख ३० हजार १ सय ८७ भेडाबाख्रालाई खोप लगाएको डाक्टर शर्माले जानकारी दिए । ११ लाखभन्दा बढी भेडाबाख्रामा खोप लगाउने लक्ष्य लिइए पनि ८ लाख बढीलाई मात्रै लगाउन सकिएको उनको भनाइ छ । ८ लाख भेडाबाख्रामा लगाइएको खोप भने ७ दिने अभियानभित्रको हो । बागमतीमा हाल भेडाको संख्या ९२ हजार ५ सय ६१, बाख्राको संख्या २५ लाख २० हजार ६ सय ७१ वटा रहेको मन्त्रालयले जनाएको छ । यसवर्षका लागि मन्त्रालयसँग १२ लाख ६९ हजार मात्रा खोप रहेको छ । बागमतीका सिन्धुपाल्चोक र सिन्धुलीमा खोपको उपलब्धता धेरै कम छ ।

भीमफेदीमा कोइलाको धुवाँमा निस्सासिएर शिशुको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ मकवानपुरको भीमफेदी गाउँपालिका-४ थानसिङमा कोइला बालेर सेक्दा निस्सासिएर ४ दिने शिशु (बालक) को मृत्यु भएको छ ।

शनिबार घरमा कोइला बालेर सेक्ने क्रममा निस्सासिएर ४ दिनको शिशुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

प्रहरीका अनुसार शिशुको मृत्यु भएपछि बाबु २६ वर्षीय रुपेश घले र आमा २२ वर्षीया विपना थिङ पनि बेहोस भएकी थिइन् । उनीहरुलाई शनिबार नै हेटौंडा अस्पतालमा उपचारको लागि ल्याइएको र विपनालाई थप उपचारको लागि चुरोँहिल अस्पतालबाट भरतपुर पठाइएको छ ।

घटनास्थल सुरक्षित राखिएको र थप अनुसन्धान भइरहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

एपीएफको जीतमा खड्काको गोल निर्णायक

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ हेटौंडामा जारी स्थानीय तह सहित स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकपको दोस्रो खेलमा सशस्त्र प्रहरीको एपीएफ क्लब विजयी भएको छ ।

हेटौंडा-५ स्थित पिप्ले क्याम्प रंगशालामा आइतबार भएको खेलमा एपीएफले ललितपुरको सातदोबाटो क्लबलाई १-० गोल अन्तरले पराजित गरेको हो । युवराज खड्काको निर्णायक गोलमा एपीएफ मकवानपुर गोल्डकपको क्वार्टरफाइनल प्रवेश गरेको छ ।

खड्काले फरवार्ड प्रदीप लामाको पासलाई सदुपयोग गर्दै हेडमार्फत गोल गरे । खेलको म्यान अफ दी म्याच एपीएफका मणि लामा घोषित भए । उनले नगद १० हजार पाए । अब एपीएफले सेमिफाइनल प्रवेशका लागि ४ फागुनमा सांघिक विजेता विभागीय टोली त्रिभुवन आर्मी क्वलर्सिंग प्रतिस्पर्धा गर्नुपर्नेछ ।

यसैगरी, प्रतियोगिता अन्तर्गत् आज सोमबार एनआरटी फुटबल क्लब र वीरगञ्ज युनाईटडबीच भिडन्त हुने फुटबल संघ मकवानपुरका सुनिल लोप्चनले जानकारी दिए ।

शनिबार भएको खेलमा आयोजक मकवानपुर-११ यसअघि नै क्वाटरफाइनल प्रवेश गरिसकेको छ । मकवानपुरले अब ५ फागुनमा सेमिफाइनल प्रवेशका लागि मनाइ मर्स्याङ्दीसँग भिड्ने छ । १० फागुनसम्म हुने प्रतियोगितामा आयोजक मकवानपुर-११, नव जनजागृती युवा क्लब सिमरा, त्रिभुवन आर्मी फुटबल क्लब, नेपाल एपीएफ क्लब, सातदोबाटो क्लब ललितपुर, मनाङ् मर्स्याङ्दी क्लब, फेण्ड्स क्लब ललितपुर, हिमालयन शेर्पा क्लब काठमाडौं, एनआरटी क्लब काठमाडौं, बागमती युवा क्लब सर्लाही, विरगंज युनाइटेड पर्सा र एभिनियर एफसी क्यामरुनसहित १० वटा टोलीको सहभागिता छ ।

प्रतियोगितामा विजेता हुने टोलीले १५ लाख रुपैयाँसहित ट्रफी पाउने छन् भने उपविजेताले १० लाख रुपैयाँसहित ट्रफी पाउनेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले रोयल इन्फिल्ड (बुलेट) मोटर साइकल पाउने छन् । प्रतियोगितामा विशिष्ट उत्कृष्ट हुने खेलाडी र खेलाडीले नगद २५-२५ हजार प्राप्त गर्नेछन् ।

प्रत्येक खेलका म्यान अफ दी म्याच खेलाडीले १० हजार रुपैयाँ प्राप्त गर्ने छन् । जिल्लाको १० वटै स्थानीय तहहरुको आर्थिक सहयोगमा हुने प्रतियोगितामा करिब ढेढ करोड खर्च हुने आयोजकको अनुमान छ । २०६२-०६३ को जनआन्दोलनका सहिदहरुको स्मृतिमा २०६४ सालमा हेटौंडामा पहिलो पटक राष्ट्रिय फुटबल प्रतियोगिताको आयोजना फुटबल संघले गरेको थियो ।

न्यूरेनीवासीलाई १० हजार लिटर नि:शुल्क खानेपानी

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ हेटौंडा उपमहानगरपालिकाले उपलब्ध गराएको १० हजार लिटरसम्म नि:शुल्क पानीको उपभोग हेटौंडा-१० न्यूरेनीका बासिन्दाले पाउने भएका छन् ।

१२ वर्षदेखि खानेपानी उपभोक्ता समितिमार्फत् खानेपानीको प्रयोग गर्दै आएका स्थानीयले खानेपानी व्यवस्थापन बोर्डलाई उपभोक्ता समिति हस्तान्तरण गरेसँगै नि:शुल्क पानी पाउने भएका हुन् । उपमहानगरका प्रमुख भिनाकुमारी लामाले बोर्डमार्फत् जोडिएको धाराबाट पानीको उपभोग गर्ने नगरवासीलाई १० हजार लिटर सम्म पानीको प्रयोगमा शुल्क नलाग्ने सम्झौता हेटौंडा खानेपानी व्यवस्थापन बोर्डसँग गरेसँगै यहाँका बासिन्दाले नि:शुल्क पानीको उपभोग गर्दै आएका छन् ।

बोर्डमा उपभोक्ता समिति हस्तान्तरणसँगै न्यूरेनीका १ सय ६० घरधुरीले प्रयोग गर्दै आएको १ सय ३७ धारामा स्वच्छ र सफा खानेपानीको व्यवस्थापन गर्ने काम आफूहरु मातहत आएको अध्यक्ष प्रताप विष्टले बताए ।

उपभोक्ता समिति हस्तान्तरण पूर्व बोर्डले न्यूरेनीमा नयाँ पाइप लाइनको विस्तारसँगै घरैपिच्छे पानी जडानको व्यवस्था मिलाइसकेको उनले बताए । २०६७ सालबाटै १५० रुपियाँ न्युनतम शुल्क तिर्दै आएका न्यूरेनीबासीले अब कम मूल्यमा खानेपानीको उपभोग गर्न पाउने भएका छन् ।

उपभोक्ता समिति हस्तान्तरण कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका प्रमुख लामाले नगरको समग्र विकासमा लागि परेको बताइन् । उनले हेटौंडा-१० न्यूरेनी लक्षित गर्दै आयआर्जनमा जोडिनका लागि राप्ती तटमा आकर्षक पार्कको निर्माण गरिने बताइन् । चाडै अव्यवस्थित ढंगबाट फालिएका फोहरलाई व्यवस्थापन गर्दै उपमहानगरले व्यवस्थित ढंगबाट मेशिनको प्रयोग गर्दै फोहोर व्यवस्थापन गर्ने बताइन् ।

नगरको विकास र सुन्दर तामा उपमहानगरवासी सबै एकजुट हुन आवश्यक रहेको उनको भनाइ थियो । खानेपानी उपभोक्ता समितिका अध्यक्ष नेत्रनाथ धिमालको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-१० का अध्यक्ष फुर्वादोर्जे लामा, हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप बिष्ट, बोर्डका सदस्य इन्द्र नेपाल, वडासदस्यहरु शारदा श्रेष्ठ, गोमा सुनार, खानेपानी बोर्डका कार्यकारी निर्देशक विष्णुप्रसाद सापकोटाको आतिथ्यता थियो ।

बाल कला साहित्य महोत्सव सकियो

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ हेटौंडा उपमहानगरपालिका-४, स्थित नवोदय शिशु सदन माविमा भएको तेस्रो हेटौंडा बाल कला साहित्य महोत्सव सकिएको छ ।

दुई दिनसम्म सञ्चालन भएको बाल कला साहित्य महोत्सवमा उपमहानगरपालिका कार्यालयको सहकार्य रहेको थियो । नवोदय शिशु सदन माबि, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट र काठमाडौं पब्लिकेसनले बाल साहित्य महोत्सवको आयोजनामा गरेको हो ।

विद्यार्थीमा पठन संस्कृतिको विकासको उद्देश्यसहित दुई दिनसम्म सञ्चालन हुने महोत्सवमा शुक्रबार कला, साहित्य, शिक्षासँग सम्बन्धित १२ वटा विविध विषयमा कार्यशाला सञ्चालन भएको थियो । महोत्सवमा शनिबार विभिन्न चरणमा समूह छलफल गरिएको महोत्सवका संयोजक सीएम रिमालले जानकारी दिए ।

महोत्सवमा भारतीय लेखक समिना मिश्र र पाकिस्तानी शिक्षाविद् हमना हुसेनको पनि सहभागिता थियो । भारत र पाकिस्तानमा बाल साहित्यको प्रबर्द्धनमा भएका अभ्यास र नेपालको अभ्यासबीच तुलनात्मक अध्ययन तथा अन्तर्क्रियाका लागि छिमेकी मुलुकबाट समेत सहभागी गराइएको कार्यक्रम संयोजक रिमालले बताए ।

कला, साहित्य, बाजागाजा र संस्कृतिको पहिचान गराउँदै त्यसप्रति रुचि जगाउनुका साथै नवसर्जक र स्थापित सर्जकबीच अन्तर्क्रियाको अवसर सिर्जना गर्न महोत्सवलाई निरन्तरता दिइएको विद्यालय निर्देशक दीपेश जोशीले बताए । महोत्सवमा विभिन्न पुस्तक, खानेकुरा स्टलका साथै स्थानीय परम्परागत बाजागाजा, संस्कृति झल्कने स्टल, विज्ञान, चित्रकला प्रदर्शनीलगायत गरिएको थियो ।

इन्द्रसरोबरमा मनाइयो ल्होछार

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ जिल्लाको उत्तरी क्षेत्रस्थित इन्द्रसरोबर गाउँपालिकाको कुलेखानीमा ल्होछार विशेष बृहत सांस्कृतिक कार्यक्रम आयोजना गरिएको छ ।

इन्द्रसरोबर-२ कुलेखानी स्थित टोड्के चौरमा कुलेखानी तामाङ समाजको आयोजनामा तेस्रो ल्होछार विशेष बृहत सांस्कृतिक कार्यक्रम तथा शान्ति पूजा भएको हो ।

स्थानीय पर्यटन प्रबर्द्धनका लागि सांस्कृतिक पर्व २८५९ ह्युई/तावार ल्हो (बिरालो वर्ग) सोनाम ल्होछार कार्यक्रम इन्द्रसरोबर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीको प्रमुख आतिथ्यतामा भएको थियो ।

पुडासैनीले भाषा, धर्म, संस्कृति जोगेर्ना गर्ने गरी पालिकाबाट सम्बोधन हुने कार्यक्रमहरु थप ल्याउने बताए । समुदायलाई आयआर्जनको लागि तामाङ होम स्टेको योजना, पहिचान, भाषा, धर्म, संस्कृतिको संरक्षण लागि संग्रालय बनाउने उनले बताएका छन् ।

सांस्कृति कार्यक्रममा कलाकारहरु गायक तथा संगीतकार सन्जीब वाइबा, गायिका निर्मला घिसिङ, प्रकाश तितुङ, अशोक तामाङ, रवीन्द्र लामा र तबु वाद्यबालगायतले सांगीतिक प्रस्तुति दिएका थिए ।

कार्यक्रममा गाउँपालिकाको ५ वटै वडाबाट प्रतिनिधित्व हुने गरी नृत्य प्रस्तुत गरिएको थियो । कार्यक्रममा सूचना, समाचार सम्प्रेषण गर्दै आएका ताम्सालिङ खबर डटकमका पत्रकार दिलबहादुर लामा र स्थानीय पत्रकार आशबहादुर लामालाई सम्मान पत्रमार्फत सम्मान गरिएको छ । कार्यक्रममा मौलिक खानाका परिकारसहित अन्य खानाको स्टल, तामाङ मौलिक भेषभुषा स्टलसँगै झाँकी (बोन्पो), डम्फुरेको झाँकी समेत रहेको थियो ।

आयोजक समाजका अध्यक्ष विरेन गोले तामाङको सभाध्यक्षतामा भएको कार्यक्रममा इन्द्रसरोबर गाउँपालिकाको उपाध्यक्ष उमाकुमारी लामा, गाउँपालिकाका निर्वतमान अध्यक्ष जीवन लामा, ३ नम्बर वडा अध्यक्ष प्रताप बोम्जन, ५ नम्बर वडा अध्यक्ष दुधराज तितुङ, १ नम्बर वडा अध्यक्ष सुभाष थापामगर, नेपाल तामाङ घेदुङ इन्द्रसरोबर गाउँपालिका अध्यक्ष बिर्जुपदम लामा, ताम्बा बिज्ञ केशर रुम्बा, कार्यपालिका सदस्य सम्झना परियार, इन्द्रसरोबर गाउँपालिका खेलकुद विकास समिति अध्यक्ष रत्नबहादुर थापामगर लगायतको आतिथ्यता थियो ।

यातायात उपभोक्ता सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ हेटौंडामा यातायात उपभोक्ता सहकारी संस्था लिमिटेडको १४ औं वार्षिक साधारणसभा भएको छ ।

साधारणसभामा प्रस्तुत आर्थिक प्रतिवेदनअनुसार सहकारीको गत आर्थिक वर्ष २०७८/०७९ मा १ करोड ११ लाख ५१ हजार ६७ रुपैयाँ रकम बचत रहेको छ । सहकारीले गत आवको शेयर रकम ६ करोड ९१ लाख ३१ हजार ८ सय रुपैयाँलाई ९ दशमलव ५० प्रतिशतका दरले बोनस वितरण गर्ने भएको छ । उक्त बोनस रकम सहकारीको पसलमा उधारो हुनेको हकमा रकम काटिने र बचत खातामा रकम जम्मा गरिने सहकारीले जनाएको छ । आइतबार बरिष्ठ यातायात व्यवसायी टेकनारायण कँडेलको प्रमुख आतिथ्यता तथा सहकारीका अध्यक्ष किरण पौडेलको सभाध्यक्षतामा साधारणसभा भएको हो ।

कार्यक्रममा नेपाल ट्रक यातायात व्यवसायी महासंघका अध्यक्ष हिरालाल श्रेष्ठ, नारायणी यातायात व्यवसायी संघका पूर्वअध्यक्ष बद्रीप्रसाद चौलागाई, नारायणी यातायात व्यवसायी संघका अध्यक्ष सरोज घनालगायतको आतिथ्यता रहेकोमा सहकारीका कोषाध्यक्ष कुमार बर्तौलाले स्वागत मन्तव्य र सचिव सुनिलकुमार न्यौपानेले कार्यक्रम सञ्चालन गरेका थिए । साधारणसभाको अबसरमा पुरुषोत्तम अर्याल र गोपालबहादुर कार्कीलाई संस्थापक सदस्यका रुपमा सम्मान गरिएको छ । सहकारीकी लेखापाल सुश्रीता केसीलाई उत्कृष्ट कर्मचारी सम्मान प्रदान गरिएको थियो ।

कार्यक्रममा सम्बोधन गर्दै नेपाल ट्रक यातायात व्यवसायी महासंघका अध्यक्ष श्रेष्ठले यातयात सहकारीले यातायात सामग्रीको बजार मूल्यलाई नियन्त्रण गर्ने कार्य गरेको भन्दै प्रशंसा गरे । उनले व्यवसायीले एकलौटी बजार मूल्य कायम गर्न नसक्ने वातावरण सिर्जना गर्न सहकारीले भूमिका खेलेको बताए । सहकारी अध्यक्ष पौडेलले यातायात सामग्रीको बजार मूल्य नियन्त्रण गर्न सहकारीले भूमिका खेलेको बताए । आर्थिक मन्दीका कारण सहकारीलाई राम्रोसँग अगाडि बढाउन समस्या रहेको पौडेलले बताए ।

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

अब प्रत्येक दिन

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा

२४ सै घण्टा

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

हेटौंडा सिटी हस्पिटलमा

तर्सथ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबढी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि

हेटौंडा सिटी हस्पिटल प्रा.लि.

हेटौंडा उपमहानगरपालिका-१ फोन नं.:०५७-५२०३१५

समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

फल्याट भाडामा

हेटौंडाको कान्तिराजपथसँग जोडिएको घरमा अफिसको लागि उपयुक्त हुने ६ कोठा सहितको फल्याट भाडा रहेकोछ । भाडामा लिन इच्छुकले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५१०११२१४

कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।

कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

प्रो. अमिता चौधरी

मेरिना ड्राई क्लिनिङ्ग स्पोट

नगरविकास रोड, हेटौंडा-४, ह्युचौर

(निर्माण व्यवसायी संघको अगाडि)

सम्पर्क नं.: ९८४५१२६१९२

हार्दिक बधाई तथा शुभकामना



यस संस्थाका पूर्वअध्यक्ष तथा टोल विकास नगर समन्वय समितिका सचिव **श्री राजेन्द्र प्रसाद चौलागाई** निर्माण व्यवसायी संघ मकवानपुरको महासचिव पदमा विजयी हुनुभएकोमा उहाँलगायत निर्वाचित सम्पूर्णमा हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

यतिराज दंगाल (अध्यक्ष)

समाज कल्याण टोल विकास संस्था

हेटौंडा-४, जोशी नर्सरी

थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा विशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जाँच भइरहेको जानकारी गराउँदछौं ।

कार्यरत विशेषज्ञ डाक्टरहरु :

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.वसन्तलाल श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घाँटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इक्लाम हुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गोबिन्द भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- इन्टरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिष्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रात, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

हेटौंडा मोडेल अस्पताल

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।

मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६